***Academic Journal of Sukuna – AJoS: A Peer-reviewed Journal***
*(Special Issue on Nepali Language and Literature)*
*Vol. 4, Issue 1: 2024 May (2081 Jetha), PP 69- 103*
*ISSN: 2594-3138 (Print)*
*Research Management Cell (RMC-Sukuna), Sundarharaincha, Morang*

# कोशी प्रदेशमा बोलिने मातृभाषाको अवस्था

दीपकप्रसाद न्यौपाने, पिएच. डी.

*उपप्राध्यापक, त्रि.वि. नेपाली शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङ।*

tu.deepak31@gmail.com

## लेखसार

कोशी प्रदेशमा बोलिने मातृभाषाको अवस्था शीर्षकको यो लेख यस प्रदेशमा बोलिने भाषिक तथ्याङ्कको विश्लेषणमा केन्द्रित रहेको छ। यो लेख कोशी प्रदेशमा बोलिने मातृभाषाहरूको जनसाङ्ख्यिक स्थिति, भौगोलिक वितरण र ती भाषाहरूको लोपोन्मुखता तथा जीवन्तताको अवस्थाको विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रहेको छ। यसमा वि.सं. २०७८ को राष्ट्रिय जनगणनामा उल्लिखित भाषिक तथ्याङ्कलाई आधारभूत सामग्रीका रूपमा लिइएको छ। यसका अतिरिक्त यस लेखमा विभिन्न जनगणना तथा ती गणनाहरूको विश्लेषण गरिएका भाषाविद्हरूका अनुसन्धानात्मक लेखहरूबाट पनि सामग्री जुटाइएको छ। विवरणात्मक, वर्णनात्मक तथा केही मात्रामा तुलनात्मक एवम् विश्लेषणात्मक विधिद्वारा सामग्रीको विश्लेषण गरिएको यस लेखमा कोशी प्रदेशमा भारोपेली, भोटबर्मेली, आग्नेली तथा द्रबिड परिवारका ९९ वटा र साङ्केतिक एक गरी जम्मा १०० वटा भाषाहरू बोलचालमा रहेकामा भाषिक लोपोन्मुखता र जीवन्तताका आधारमा विश्लेषण गर्दा धेरै भाषाहरू सङ्कटापन्न अवस्थामा पुगेको निष्कर्ष प्राप्त भएको छ। कोशी प्रदेशमा बोलिने भारोपेली परिवारका ३८ वटा र भोटबर्मेली परिवारका ५६ वटा भाषाहरूमध्ये भारोपेलीका नेपाली, मैथिली, थारू, राजवंशी र उर्दू तथा भोटबर्मेलीका याक्थुङ, तामाङ, मगर ढुट, बान्तावा, चाम्लिङ, शेर्पा र नेपालभाषा जनसाङ्ख्यिक वितरण र जीवन्तताका आधारमा समृद्ध देखिए पनि अन्य भाषाहरू प्राय: लोपोन्मुख अवस्थामा पुगेको देखिन्छन्। यसै गरी आग्नेली र द्रबिड परिवारका भाषाहरूको भौगोलिक विस्तार भारतमा समेत देखिएकाले ती भाषाहरू सङ्कटापन्न अवस्थामा पुगिनसके पनि नेपालमा भने यी भाषाहरू पनि कमजोर अवस्थामा नै रहेको तथ्याङ्कले देखाएको छ। यस प्रदेशमा बोलिने धेरै भाषाहरूको मुख्य क्षेत्र यही प्रदेशका विभिन्न जिल्ला, गाउँ तथा बस्तीहरू रहेकाले यी

भाषाहरूको संरक्षण र संवर्धन गर्ने दायित्व पनि यहीँको प्रदेश तथा स्थानीय सरकारका साथै जातिभाषिक संस्था तथा भाषासेवकहरूको रहेको देखिएको छ।

*शब्दकुञ्जी* **:** जनगणना, भाषापरिवार, भाषिक प्रकार्य, भोटबर्मेली, मातृभाषा, लोपोन्मुखता

## विषयपरिचय

कोशी नेपालको पूर्वी भूभागमा अवस्थित जातीय, सांस्कृतिक तथा भाषिक दृष्टिले विविधतायुक्त प्रदेश हो। हिमाल, पहाड र तराई तीनवटै भूगोलको भौगोलिक विविधताबाट यस प्रदेशमा जातीय तथा सांस्कृतिक विविधताको सिर्जना भएको देखिन्छ। मेची, कोशी र सगरमाथा अञ्चलअन्तर्गतका जम्मा १४ वटा जिल्लाहरू रहेको यस प्रदेशको कुल क्षेत्रफल २५,९०५ वर्ग कि. मि. तथा जनगणना २०७८ अनुसार कुल जनसङ्ख्या ४९,६१,४१२ रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग,२०७८)। जनगणना वि.सं. २०७८ को तथ्याङ्कले यस प्रदेशमा १० वटा धर्म मान्ने १३० जातजातिले १०० वटा भाषाहरू बोल्ने गरेको तथ्य अगाडि ल्याएको छ। यद्यपि यो तथ्याङ्कमा कोशी प्रदेशका १४ जिल्लामा वितरण नदेखाइएका तर समग्र कोशी प्रदेशभित्र चाहिँ राखिएका आछामी, बझाङी, चेपाङ, सुरेल, ल्होपा, थकाली र धुलेली भाषाहरूको उल्लेख भएको छ। यहाँ तथ्याङ्कमा नै त्रुटि भएको देखिन्छ। यस प्रदेशमा जम्मा भारोपेली, भोटबर्मेली, आग्नेली र द्रबिडेली चार परिवारका तथा साङ्केतिक एकसमेत गरी १०० वटा भाषाका साथै अन्य र पहिचान नभएका भनिएका समूहका भाषिक वक्ताहरू रहेका देखिन्छन्। यस तथ्याङ्कअनुसार यस प्रदेशका ताप्लेजुङमा ३४ वटा, तेह्रथुममा २८ वटा, इलाममा ५८ वटा, झापामा ७७ वटा, पाँचथर ४० वटा, धनकुटा ४३ वटा, सुनसरीमा ७५ वटा, मोरङमा ७९, सङ्खुवासभामा वटा ४५ वटा, भोजपुर ४२ वटा, सोलुखुम्बुमा २१ वटा, खोटाङमा ३७ वटा, ओखलढुङ्गामा ३० वटा र उदयपुरमा ६० वटा भाषाहरू बोलिन्छन्। यही तथ्याङ्कमा केन्द्रित रहेर यस लेखमा कोशी प्रदेशमा बोलिने मातृभाषाको अवस्थाका बारेमा चर्चा गरिएको छ। खासमा यस प्रदेशका भाषाहरूको अवस्थिति तथा लोपोन्मुखता र जीवन्तताका अधारमा यी भाषाहरुको अवस्थाको विश्लेषण गर्नु नै यस लेखको मुख्य विषय हो।

मातृभाषा भनेको सामान्यतया जन्मेपछि घरपरिवारमा सिकिने पहिलो हो भाषा तर यसलाई पहिलो भाषाका रूपमा मात्र नहेरी जातीय भाषा, वर्गीय भाषा आदिका रूपमा समेत चिनाउने गरिएको छ। प्रज्ञा नेपाली बृहत् शब्दकोशले आमाको काखमा बसेर सिकिने तथा आफ्नो जाति वा वर्गमा बोलिने भाषालाई मातृभाषा मानेको छ (उप्रेती र अन्य, २०७९)। यसलाई पहिलो भाषा, जिब्राको बोली, मूल भाषा, मातापिताको जिब्राको बोली अथवा जन्मपछि निश्चित अवधिभित्र सिकिने भाषाका रूपमा लिने गरिएको पाइन्छ (पामीआले, २०७८)। यसरी हेर्दा जन्मपछि सिकिएको पहिलो भाषा नै मातृभाषा हो भन्ने देखिए पनि अहिले यसलाई अलि फरक रूपमा

बुझ्ने गरिएको छ। अहिले पुर्ख्यौली भाषा, जातीय भाषा वा आफ्नो वर्गको भाषालाई मातृभाषाका रूपमा लिने गरिएको छ। नेपालको संविधानले अहिले सबै मातृभाषालाई राष्ट्रभाषा भनेको छ। यो राष्ट्रभाषा शब्दले अहिले नेपालका सन्दर्भमा स्थानीय भाषालाई समेत समेटेको पाइन्छ। यस सन्दर्भमा मातृभाषाको तात्पर्य स्थानीय भाषा भन्ने पनि हुने देखिन्छ। नेपालमा अधिकांश जातजातिले आफूलाई बोल्न नआए पनि आफ्नो पुर्ख्यौली भाषालाई नै मातृभाषा मानेको देखिन्छ। यस किसिमका जटिलता रहे पनि जन्मपछि पहिलोपल्ट सिकेको भाषालाई नै मातृभाषाका रूपमा लिनु सान्दर्भिक हुन्छ। यस लेखमा चाहिँ मातृभाषा के हो भन्ने विषयमा नभई अहिलेको भाषिक तथ्याङ्कमा कोशी प्रदेशमा मातृभाषा भनिएका भाषाहरूको भौगोलिक, प्रकार्यगत तथा जीवन्तताको अवस्थालाई मात्र अध्ययनको विषय बनाइएको छ। यस लेखमा निम्नलिखित समस्याहरूको प्राज्ञिक समाधान खोज्ने प्रयास गरिएको छ :

क. कोशी प्रदेशमा मातृभाषाहरूको भौगोलिक वितरण र प्रकार्यको अवस्था केकस्तो छ ?

ख कोशी प्रदेशका मातृभाषाहरूको जीवन्तताको अवस्थालाई कसरी मूल्याङ्कन गर्न सकिन्छ ?

कोशी प्रदेशका मातृभाषाहरूको भौगोलिक, प्रकार्यगत तथा जीवन्तताको अवस्थाको अध्ययन गर्नु यस लेखको मुख्य विषय भएकाले यो अध्ययन मूलत: पक्षहरूको विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रहेको छ। कोशी प्रदेशका भाषाका बारेमा यस पूर्व पनि केही अध्ययनहरू भएका देखिन्छन्। यस विषयमा भएका केही अध्ययनहरूलाई यहाँ सङ्क्षेपमा निम्नअनुसार प्रस्तुत गरिएको छ :

बन्धु (२०७३) ले 'नेपालका भाषा र तिनका वक्ताको स्थिति' शीर्षकमा विभिन्न जनगणनाका भाषाहरूको अध्ययन गर्दै सन् २००१ को जनगणनामा दिइएको तथ्याङ्कअनुसार नेपालमा मातृभाषाका रूपमा बोलिने भाषाहरूको सङ्ख्या ९२ रहेको र सन् २०११ मा १२३ भाषाहरू सूचीकृत भएकी तथ्यलाई अगाडि सार्दै आग्नेय परिवारको खडिया भाषाका १,५७५ वक्ताहरू थपिएका, सूचीकृत भएका नयाँ भाषामा भोटबर्मेली परिवारका भाषाहरूको सङ्ख्या ठूलो रहेको, भारोपेली परिवारका बज्जिका बोटे, संस्कृत र चुरेटी भाषाका वक्ता थपिएका, बाहिरबाट र नेपालमा केही समयका लागि बस्न आएका व्यक्तिहरूका चिनियाँ, अङ्ग्रेजी, उडिया, पन्जाबी, नागामिज, अरबी, रसियन, स्पेनिसलगायतका भाषाहरूलाई पनि थपिएको, पहिले राई किराती भनी एकमुष्ट राखिएका भोटबर्मेली परिवारका दुई दर्जनभन्दा बढी राई भाषाहरूको पहिचान भएकोजस्ता सन्दर्भलाई उठाएर नेपालका भाषाहरूको तत्कालीन अवस्थाका बारेमा समीक्षा गरेका छन् (पृ. २१६)।

न्यौपाने (२०७३) ले 'नेपालको भाषिक परिदृश्य' शीर्षकको लेखमा जनगणना २०६८ को भाषिक तथ्याङ्कको विश्लेषण गर्दै वि.सं. २०६८ को भाषिक तथ्याङ्कअनुसार नेपालमा भारोपेली, भोटबर्मेली,

आग्नेली, द्रबिडेली र एकल गरी पाँच परिवारका १२३ वटा मातृभाषाहरू बोलचालमा रहेकामा नेपाली भाषा विभिन्न दृष्टिले समृद्ध रहे पनि भारोपेली र भोटबर्मेली परिवारका केही भाषाबाहेक अन्य भाषाहरूको स्थिति निकै कमजोर रहेको र अधिकांश भाषा लोपोन्मुख अवस्थामा पुगेको निष्कर्ष निकालेका छन् (पृ. १२७) ।

राई (२०७३) ले 'किरात राई भाषाहरूको सङ्क्षिप्त परिचय' शीर्षकको लेखमा नेपालमा २०५८ को तथ्याङ्कअनुसार २२ वटा राई भाषाहरू रहेकामा २०६८ को तथ्याङ्कमा २५ वटा र किरात राई यायोक्खाले गरेको सर्वेक्षणमा २६ वटा भाषाहरू पहिचान भएको विवरण दिएकी छन् (पृ. १५७) । उनले यस अध्ययनमा राई समूहका बान्तावा, चाम्लिङ, कुलुङ, थुलुङ, वाम्बुलेजस्ता केही भाषाहरूमा शब्दकोश निर्माण, पत्रपत्रिका प्रकाशन र साहित्य लेखनको अवस्था विकास हुँदै गएको भए पनि अधिकांश राई भाषाहरू अझ पनि कथ्यमै सीमित देखिन्छन् भन्ने निष्कर्ष निकालेकी छन् (पृ.१५८) ।

न्यौपाने (२०७४) ले *किरात भाषाहरू र नेपाली भाषाको व्यतिरेकी अध्ययन* शीर्षकको पुस्तकमा आठपहरिया, कोँइच, कोयी, चाम्लिङ, दुमी, बान्तावा, याख्खा, याम्फू, लिम्बू र लोहोरुङ दश वटा किरात भाषासँग नेपाली भाषाको तुलनात्मक अध्ययन गरेका छन् । यस पुस्तकमा किरात भाषाहरूका विशेषता र यी भाषाको वर्तमान अवस्थाका बारेमा विश्लेषण गरिएको छ । यस सन्दर्भमा न्यौपानेले धेरै किरात भाषाहरू लोपोन्मुख अवस्थामा पुगेको चर्चा गर्दै यस्तो टिप्पणी गरेका छन् – "नेपालका किरात समूहका मातृभाषीहरू सहरीकरण, सञ्चारमा व्यापकता, शिक्षाको पँहुँच, आधुनिकीकरण, अन्तर्भाषिक विवाहका कारण विशेषतः राई समूहका भाषाहरूको लोप हुँदै गएको स्थिति छ" (पृ.१५) । यही सन्दर्भमा न्यौपानेले ग्रिनोबल (२००८) लाई उद्धृत गर्दै सजीवताको मूल्याङ्कनका सुरक्षित, खतरायुक्त, ह्रासोन्मुख, मृतप्रायः, घिडघिडोयुक्त मृतावस्था र मृत पाँचवटा आधारमा मूल्याङ्कन गर्दै किरात समूहका भाषाहरू मृतप्राय: वा खतरायुक्त देखिन्छन् भन्ने धारणा राखेका छन् (पृ.१५) ।

न्यौपाने (२०७६) ले 'भाषिक अवधारणामा प्रदेश एकको स्थिति शीर्षकको लेखमा यस प्रदेशको भाषिक अवस्थाको अध्ध्यन गरेका छन् । उनले यस लेखमा यो प्रदेशलाई भाषिक दृष्टिले एउटा सानो नेपाल मान्दै नेपालमा बोलिने १२३ वटा भाषाहरूमध्ये आधाभन्दा बढी (७२ झापा र मोरङ तथा सुनसरी ७१) भाषाहरू यसै प्रदेशभित्र बोलिने भएकाले यस प्रदेशमा भाषिक विविधताजन्य सौन्दर्य पाइने दृष्टिकोण राखेका छन् (पृ. ६२) ।

न्यौपाने (२०७७) ले 'प्रदेश नं. १ मा किरात भाषाहरूको भौगोलिक विस्तार र प्रकार्य' शीर्षकको लेखमा यो प्रदेशमा किरात समूहका ३१ वटा भाषाहरू बोलचालमा रहेका भए पनि यी सबै भाषाको अवस्था मजबुत नभएको निष्कर्ष निकालेका छन् (पृ. १७३) । उनले यस प्रदेशमा बोलिने भाषाहरूमध्ये लिम्बू, बान्तावा र

राई भाषा वक्ताहरूको सङ्ख्या एक लाखभन्दा बढी रहेकाले यी भाषाहरू मात्र केही सुरक्षित देखिए पनि अन्य भाषाहरूको अवस्था भने सङ्कटापन्न रहेको दृष्टिकोण अगाडि सारेका छन् ।

यसरी कोशी प्रदेशका मातृभाषाको भौगोलिक वितरण, प्रकार्य तथा जीवन्तताको अवस्थाका बारेमा यसभन्दा अगाडि पनि केही अध्ययन भए पनि २०७८ पछिको तथ्याङ्कमा केन्द्रित भएर कोशी प्रदेशको वर्तमान भाषिक अवस्थाको विश्लेषण नगरिएको हुँदा यस विषयलाई प्रस्तुत लेखमा विश्लेषण गर्ने उद्देश्य राखिएको हो ।

यो अध्ययन कोशी प्रदेशको भाषिक तथ्याङ्क, भाषानीति तथा योजनासँग सम्बन्धित रहेको छ । अहिले प्रदेश तथा स्थानीय तहलाई आफ्नो अपेक्षाअनुसारको भाषानीति लागु गर्ने कानुनतः राष्ट्रबाट अख्तियार प्राप्त भएको छ ।  यस अवस्थामा स्थानीय तहबाट सम्बन्धित क्षेत्रमा केकति सङ्ख्यामा मातृभाषाहरू बोलचालमा रहेका छन्, ती भाषाहरूको भाषिक प्रकार्य केकस्तो रहेको छ, स्थानीय निकायमा कुन भाषालाई प्रशासनिक वा माध्यम भाषा बनाउन सकिन्छ, स्थानीय तहमा रहेका भाषाहरूको संरक्षण तथा संवर्धन गर्न कस्तो भाषानीति तथा भाषायोजना लागु गर्न सकिन्छ जस्ता कुराको खोजी गर्नु आवश्यक देखिन्छ । यो अध्ययन उल्लिखित प्रश्नसँग नै सम्बन्धित रहेको छ । यस अध्ययनमा मुख्यतः कोशी प्रदेशमा बोलचालमा रहेका मातृभाषाहरूको वस्तुस्थितिको अध्ययन गरिएको छ । यसबाट ती भाषाहरूको अवस्थाका बारेमा जानकारी लिन तथा भाषासम्बन्धी नीतिनिर्धारण गर्न यो अध्ययनका निष्कर्षहरू उपयोगी देखिएको छ । यसका अतिरिक्त लोपोन्मुख भाषाको अस्तित्व जोगाउन केकस्ता काम गर्न सकिन्छ भन्ने कुरालाई समेत यो अध्ययनले पृष्ठपोषण गर्ने भएकाले पनि यसको औचित्य तथा महत्त्व रहने स्पष्ट देखिन्छ ।

## अध्ययन विधि र सामग्री

यस अध्ययनमा पुस्तकालयीय स्रोतबाट सामग्री जुटाइएको छ । यो परिमाणात्मक तथा गुणात्मक अनुसन्धानको मिश्रण भएको मिश्रित ढाँचाको अनुसन्धान भएकाले विवरणात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित भई सामग्रीको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## नतिजा र छलफल

जनगणना २०७८ को तथ्याङ्कअनुसार कोशी प्रदेशको जनसङ्ख्या ४९,६१,४१२ रहेको छ, जुन सिङ्गो नेपालको जनसङ्ख्याको १७.०१% हुन आउँछ (केन्द्रीय तथ्याङ्क विभाग,२०७८) । यो प्रदेश जातीय, धार्मिक तथा भाषिक दृष्टिले विविधतायुक्त रहेको छ । कोशी प्रदेशमा १०० वटा भाषाहरू बोलचालमा रहेका देखिए पनि यहाँका  धेरै भाषाहरूको अवस्था भने निकै कमजोर देखिन्छ । यस  प्रदेशभित्रको जनसङ्ख्याको १% भन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरूको सङ्ख्या १४ वटा मात्र रहेको देखिन्छ । यसै गरी यस प्रदेशमा एक

लाखभन्दा माथि वक्ता हुने भाषाको सङ्ख्या ८ मात्र रहेको छ । यसले यस प्रदेशका धेरै भाषा सङ्कटापन्न अवस्थामा रहेको तथ्यलाई देखाउँछ । जनगणना २०७८ को तथ्याङ्कअनुसार कोशी प्रदेशमा भारोपेली परिवारका ३८ वटा, भोटबर्मेली परिवारका ५६ वटा, आग्नेली परिवारका ३ वटा, द्रबिड परिवारका २ वटा र साङ्केतिक १ गरी चार परिवारका १०० वटा भाषाहरू बोलचालमा रहेका देखिन्छन् (केन्द्रीय तथ्याङ्क विभाग,२०७८) । कोशी प्रदेशमा मातृभाषाका रूपमा प्रयोगमा रहेका भाषाहरूलाई सङ्क्षेपमा निम्नअनुसार चिनाइएको छ :

**कोशी प्रदेशमा बोलिने भारोपेली परिवारका भाषाहरू**

कोशी प्रदेशमा भारोपेली परिवारका ३८ वटा मात्र भाषा बोलिन्छन् । यी भाषाहरूको अवस्था निम्नअनुसार रहेको छ :

***नेपाली***

कोशी प्रदेशमा सिङ्गो देशमा जस्तै नेपाली भाषा सबैभन्दा प्रमुख भाषाका रूपमा स्थापित रहेको छ । यो प्रदेशमा नेपाली भाषा जनसङ्ख्या तथा प्रकार्यका दृष्टिले सबैभन्दा बढी समृद्ध रहेको छ । यो प्रदेशमा पनि नेपाली भाषा साझा सम्पर्कको माध्यम भाषाका अतिरिक्त सरकारी कामकाजको भाषाका रूपमा प्रयोगमा रहेको छ । वि.सं. २०७८ को जनगणनाको तथ्याङ्कअनुसार कोशी प्रदेशमा नेपाली मातृभाषीको सङ्ख्या २२,४६०२७ (४५.२६%) रहेको छ । कोशी प्रदेशका ताप्लेजुङ र पाँचथरमा नेपाली भाषा दोस्रो स्थानमा रहेको देखिन्छ भने बाँकी बाह्रवटा जिल्लामा चाहिँ यो भाषा पहिलो स्थानमै रहेको छ । यी दुई जिल्लामा भने लिम्बू भाषा पहिलो भाषाका रूपमा स्थापित भएको देखिन्छ । कोशी प्रदेशमा पनि संघमा जस्तै प्रशासनिक, शिक्षा, सञ्चार आदिका माध्यम भाषाकै रूपमा नेपाली भाषा स्वीकृत रहेको छ । यस प्रदेशमा सबै मातृभाषीहरूले दोस्रो भाषाका रूपमा नेपाली भाषाको प्रयोग गरेको पाइन्छ । यस प्रदेशमा नेपालीसँग सम्बन्धित डोटेली, बैतडेली, खस, दार्चुलेली र जुम्ली भाषाहरू मात्र सीमित सङ्ख्यामा बोलिन्छन् ।

***मैथिली***

नेपालमा जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालीपछि दोस्रो ठुलो भाषाका रूपमा मैथेली बोलचामा रहेको छ । पछिल्लो तथ्याङ्कअनुसार नेपालमा मैथिली मातृभाषा हुनेको सङ्ख्या ३२,२२३८९ (११.०५%) रहेको छ भने कोशी प्रदेशमा पनि यही हाराहारीमा मैथिली मातृभाषीहरू रहेका देखिन्छन् । यस प्रदेशमा ५,७९,३४७ (११.६७%) वक्ताले मातृभाषाका रूपमा यस भाषाको प्रयोग गरेको पाइन्छ । यही सङ्ख्यागत बहुलताकै कारण भाषा आयोगले कोशी प्रदेशमा सरकारी कामकाजका लागि लिम्बू भाषासँगै मैथिली

भाषालाई पनि सिफारिस गरेको देखिन्छ (भाषा आयोगको वार्षिक प्रतिवेदन छैटौँ, पृ. ११७)। यसको आफ्नै तिरहुता वा मिथिलाक्षर लिपि (अधिकारी, २०६३, पृ. १०९) रहेको यो भाषा साहित्य, पत्रपत्रिका, चलचित्र, श्रव्यदृश्य सञ्चार सबै पक्षमा विकसित रहेको छ। कोशी प्रदेशमा यो भाषा यादव, ब्राह्मण, कायस्थ, तेल, सुडी, खतबे, चमार, डोम आदिले आफ्नो मातृभाषाका रूपमा बोल्ने भएकाले यो भाषा र जातिबिच एक भाषा अनेक जातिको सम्बन्ध रहेको पाइन्छ (यादव,२०७७, पृ. ४१३)।

***थारू***

थारू कोशी प्रदेशमा चौथो स्थानमा रहेको भाषा हो। जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालमा थारू मातृभाषा हुनेको सङ्ख्या १७१४०९१ (५.८८%) छ भने कोशी प्रदेशमा २१८५३४ (४.४०%) ले मातृभाषाका रूपमा थारू भाषाको प्रयोग गरेको देखिन्छ। यो प्रदेशका सबै जिल्लामा थारू भाषाको विस्तार रहे सुनसरी, मोरङ, उदयपुर र झापामा थारू मातृभाषीहरूको सङ्ख्या बढी रहेको छ। सुनसरी जिल्लामा मात्र यो भाषा बोल्नेको सङ्ख्या १,०७,४०९ रहेको देखिएकाले पुर्बेली थारूको मूल क्षेत्र सुनसरी नै रहेको स्पष्ट हुन्छ। नेपालका प्राय: तराईका जिल्लामा बोलिने यो भाषा मैथिली, अवधी र भोजपुरी भाषाको क्षेत्रमा बोलिने हुँदा यसमा ती भाषाको निकै ठुलो प्रभाव रहेको पाइन्छ (गौतम र चौलागाई,२०७०, पृ. ३७३)। थारू भाषामा शिष्ट साहित्य लेखनको परम्परा त्यति सुदृढ नदेखिए पनि हाल आएर यस भाषामा व्याकरण तथा कोश सम्पादन, पत्रपत्रिका प्रकाशन, चलचित्र निर्माण, श्रव्य र दृश्य सञ्चारमा उपयोगजस्ता कार्यहरू भएका देखिन्छन्।

***राजवंशी***

कोशी प्रदेशमा राजवंशी भारोपेली परिवारको थारूपछिको सम्पन्न भाषा हो। राजवंशी जातिका आधारमा नामकरण गरिएको यो भाषा कोशी प्रदेशका तराई क्षेत्रमा बढी मात्रामा बोलिन्छ। जनगणना २०७८ का अनुसार नेपालमा राजवंशी मातृभाषा हुनेको सङ्ख्या १३०१६३ (०.४५%) रहेको छ भने यो प्रदेशमा १२८१६२ (२.५८%) ले मातृभाषाका रूपमा राजवंशी भाषाको प्रयोग गरेको पाइन्छ। यो भाषा कोशी प्रदेशका झापा, मोरङ र सुनसरीमा बढी मात्रामा फैलिएको देखिन्छ। झापा र मोरङ जिल्लामा मात्र राजवंशी भाषा बोल्नेको सङ्ख्या क्रमशः ८५२७३ र ४१०३६ रहेको देखिन्छ। मागधी प्राकृतबाट जन्मिएको यस भाषामा (गौतम, २०४९, पृ.१९९) केही प्राचीन भाषिक सामग्री प्राप्त भए पनि यसको वाङ्मयिक तथा सामाजिक स्थिति त्यति राम्रो देखिँदैन।

**उर्दू**

कोशी प्रदेशमा उर्दू मातृभाषा हुनेको सङ्ख्या उल्लेखनीय रहेको छ। यो भाषा मुसलमानहरूले मातृभाषाका रूपमा प्रयोग गर्दै आएका देखिन्छ। यद्यपि मुसलमानहरूले छुट्टै मुसलमान भाषाको समेत प्रयोग गर्दै

आएका छन् । जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालमा उर्दू मातृभाषीको सङ्ख्या ४१३७८५ (१.४२%) रहेको देखिन्छ भने कोशी प्रदेशमा ११४९८९ (२.३१%) ले उर्दू मातृभाषा बोल्ने गरेका छन् । यो भाषा कोशी प्रदेशका धनकुटा, झापा, मोरङ, सुनसरी र उदयपुरमा बालिने गरेकामा सुनसरी (७३९३४ जना) र मोरङ (३१६९९जना) रहेका देखिन्छन् । सुनसरीको दुहबी नगरपालिकामा यो भाषा बोल्नेको सङ्ख्या बढी देखिन्छ । उर्दू भाषालाई स्वतन्त्र भाषा नमानी फारसी र अरबी भाषाका अत्यधिक शब्द मिसिएको हिन्दी भाषाका रूपमा चिनाइएको पाइन्छ (गौतम र चौलागाई, २०७० पृ.३७३) । अरबी लिपिको प्रयोग गरिने यो भाषा भारत तथा पाकिस्तानमा वाङमय, सञ्चार, सामाजिक प्रयोग आदिका दृष्टिले सम्पन्न मानिन्छ । यो प्रदेशमा पनि मदरसाहरूमा यही भाषामा शिक्षादीक्षा लिने गरिएको छ ।

***अङ्गिका***

अङ्गिका कोशी प्रदेशको मोरङ, सुनसरी र उदयपुरमा विस्तारित रहेको भाषा हो । जनगणना २०७८ अनुसार नेपालमा यो भाषा बोल्नेको सङ्ख्या ३५९५२ (०.१२%) रहेका मा यस प्रदेशका ३५८८९ (०.७२%) ले मातृभाषाका रूपमा अङ्गिका भाषाको प्रयोग गरेको देखिन्छ ।  मैथिलीसँग धेरै विशेषता मिल्ने यो भाषा यस प्रदेशका मोरङ, सुनसरी र उदयपुरमा मात्र बोलचालमा रहेको देखिन्छ । मोरङमा मात्र ३५८३४ ले मातृभाषाका रूपमा यस भाषाको प्रयोग गरेकाले यसको मुख्य क्षेत्र मोरङ जिल्ला नै रहेको स्पष्ट हुन्छ । मोरङका रंगेली, विराटनगर, कटहरी, धनपाल र जहदा पालिकामा यो भाषा मातृभाषाका रूपमा बोलचालमा रहेको देखिन्छ ।

***गनगाई***

गनगाई पूर्वी नेपालका गनगाई जातिले बोल्ने भाषा हो । पूर्वी नेपालका झापा र मोरङका केही क्षेत्रमा यो जातिको बसोवास रहेको छ । गुरुङ रामप्रकाश समथिङ(मि.अप्रा.)  का अनुसार यो जातिले मैथिली र राजवंशी भाषा पनि बोल्ने गरेको पाइन्छ । नेपालमा २६२८१ (०.०९%) जनाले र यस प्रदेशमा २६२१० (०.५२%) मातृभाषाका रूपमा गनगाई भाषाको प्रयोग गरेको पाइन्छ । कोशी प्रदेशका झापा, मोरङ र सुनसरी जिल्लामा मात्र बोलिने यो भाषा झापामा १७८६३ जनाले, मोरङमा ८३१० जनाले र सुनसरीमा ३७ जनाले मातृभाषाका रूपमा प्रयोग गरेको देखिन्छ ।

***भोजपुरी***

भोजपुरी नेपालको समृद्ध भाषा हो । नेपालमा यो भाषा नेपाली र मैथिलीपछि तेस्रा स्थानमा रहेको छ । सिङ्गो नेपालमा १८२०७९५ (६.२४%) जनाले मातृभाषाका रूपमा भोजपुरी भाषाको प्रयोग गर्दै रहेको जनगणना २०७८ को तथ्याङ्कले देखाएको छ । कोशी प्रदेशमा भने यो भाषा बोल्नेको सङ्ख्या २२०९८

(०.४४%) रहेको छ। भारतको भोजपुरा राज्यमा बोलिने भएकाले भोजपुरी नामकरण गरिएको (गौतम, २०४९, पृ.१९८) यो भाषा नारायणी अञ्चलका रौतहट, बारा, पर्सा र त्यसको आसपासका साथै जनकपुर अञ्चलको सर्लाही, लुम्बिनी अञ्चलका नवलपरासी, रूपन्देही, लगायतका जिल्लामा बढी मात्रामा बोलचालमा रहेको छ। यस प्रदेशका सबै जिल्लामा विस्तारित रहे पनि मूलतः झापा (३९५५ जना), मोरङ (१००२८जना) र सुनसरी (६८५५ जना) मा प्रयोगमा रहेको छ।

***ताजपुरिया***

ताजपुरिया जनगणना २०६८ मा पहिलोचोटि सूचीकृत भाषा हो। राजवंशी जातिले प्रयोग गर्ने यो भाषालाई २०६८ को जनगणनाभन्दा अगाडि छुट्टै सूचीबद्ध नगरिएको भए पनि राजवंशी भाषालाई नै ताजपुरिया भाषाका रूपमा चाहिँ चिनाइएकै पाइन्छ (गौतम, २०४९, पृ. १९९)। २०७८ को तथ्याङ्कअनुसार नेपालमा ताजपुरिया भाषा बोल्नेको सङ्ख्या २०३४१ (०.०७%) रहेको छ। कोशी प्रदेश नै मुख्य केन्द्र भएको हुनाले यस प्रदेशमा ताजपुरिया भाषा बोल्नेहरूको सङ्ख्या २०१५४ (०.४०%) रहेको छ। कोशी प्रदेशका झापा (१३०८२ जना), मोरङ (७०५० जना) र सुनसरी (२२ जना) मा मात्र बोलिने यो भाषा पनि बोलचालमा नै केन्द्रित देखिन्छ।

***बङ्ला***

भारतको बङ्गाल तथा बङ्गलादेशको प्रमुख भाषा बङ्ला (न्यौपाने, २०७३, पृ. १३४) नेपालमा पनि उल्लेख्य सङ्ख्यामा बोलचालमा रहेको देखिन्छ। जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालमा २३७७४ (०.०८%) ले र कोशी प्रदेशमा १६९४६ (०.३४) ले मातृभाषाका रूपमा बङ्गा भाषाको प्रयोग गरेको देखिन्छ। यो भाषा कोशी प्रदेशका विशेष गरी झापा (६५७० जना), मोरङ (४६५७ जना) र सुनसरी (५४७० जना) जिल्लामा बोलचालमा रहेको पाइन्छ। यो भाषाको विकास नेपालमा त्यति हुन नसकेको पनि भारतमा यो वाङ् मयिक तथा साहित्यिक प्रयोगका दृष्टिले निकै विकसित मानिन्छ (अधिकारी, २०६३, पृ. १११)। नेपालमा यो भाषा मुस्लिमहरूले समेत प्रयोग गरेको देखिन्छ।

***हिन्दी***

हिन्दी वाङ्मय, साहित्य, कला आदि पक्षमा विश्वकै समृद्ध भाषा हो। जनगणना २०७८ का अनुसार नेपालमा हिन्दी मातृभाषा हुनेको सङ्ख्या ९८३९९ (०.३४%) र कोशी प्रदेशमा १६४३० (०.३३) रहेको देखिन्छ। कोशी प्रदेशका सोलुखुम्बु र ओखलढुङगाबाहेकका सबै जिल्लामा विस्तारित रहेको यो भाषा बढी मात्रामा झापा, मोरङ र सुनसरी तराईका जिल्लामा मातृभाषाका रूपमा प्रयोगमा रहेको देखिन्छ। भारतमा सर्वपक्षीय विकास भएको यो भाषा नेपालमा चाहिँ बोलचालमा नै सीमित रहेको पाइन्छ।

***मगही***

भारतको मगध प्रदेशमा विकसित भएका आधारमा नामकरण गरिएको मगही भाषा नेपालमा उल्लेख्य सङ्ख्यामा बोलचालमा रहेको देखिन्छ। जनगणना २०७८ का अनुसार नेपालमा यो भाषा बोल्नेहरूको सङ्ख्या २३०११७ (०.७९%) रहेको छ भने यो प्रदेशमा १४४८२ (०.२९%) ले मातृभाषाका रूपमा मगही भाषाको प्रयोग गरेको पाइन्छ। कोशी प्रदेशका झापा, मोरङ, सुनसरी र उदयपुरमा बोलिने यो भाषा पनि यस क्षेत्रमा जनजिब्रोमा नै सीमित रहेको पाइन्छ।

***माझी***

माझी माझी जातिका आधारमा नामकरण गरिएको भाषा हो मागधी प्राकृतबाट विकसित भएको यो भाषा बोटे तथा दनुवारसँग धेरै मिल्दोजुल्दो रहेको चर्चा पाइन्छ (गौतम, २०४९, पृ.२००)। नेपालमा कोसी तथा गण्डकी नदीका किनारमा डुङ्गा खियाएर जीविका गर्ने माझीहरूले यो भाषा प्रयोग गरेको पाइन्छ। जनगणना २०७८ अनुसार नेपालमा माझीभाषी वक्ताहरूको सङ्ख्या ३२९१७ (०.११%) रहेको छ भने कोशी प्रदेशमा १३०६५ (०.२६%) जनाले मातृभाषाका रूपमा माझी भाषाको प्रयोग गर्ने गरेको पाइन्छ। कोशी प्रदेशका ताप्लेजुङबाहेकका सबै जिल्लामा विस्तारित रहेको यो भाषा झापा, मोरङ, सुनसरी र उदयपुर जिल्लामा बढी मात्रामा बोलचालमा रहेको पाइन्छ। कोशी प्रदेशको मोरङ (५४७५ जना) मा यो भाषा सबैभन्दा बढी बोलिएको देखिन्छ। यस क्षेत्रमा माझी भाषा बोलचालमा नै मात्र सीमित रहेको पाइन्छ।

***मारवाडी***

मारवाडी जातिले बोल्ने भाषा नै मारवाडी भाषा हो। व्यापारको सिलसिलामा भारतको राजस्थान पश्चिम क्षेत्रबाट नेपाल आएका मारवाडीहरूले नेपालमा यस भाषालाई स्थापित गरेका छन्। नेपालका प्रमुख उद्योगी र व्यापारी मारवाडीहरूले नै यस भाषाको प्रयोग गर्दछन्। नागरिक लिपिमा लेखिने यस भाषाको आफ्नै लिपि र साहित्य पनि छ। २०७८ को जनगणना अनुसार नेपालमा २१३३३ (०.०७%) जनाले र कोशी प्रदेशमा १०२१७ (०.०२%) जनाले मातृभाषाका रूपमा मारवाडी भाषाको प्रयोग गरेको पाइन्छ।

***दनुवार***

दनुवार जातिले प्रयोग गरेका आधारमा नामकरण गरिएको यो भाषा मागधी प्राकृतबाट विकसित मानिन्छ (गौतम, २०४९, पृ.१९९)। नेपालमा यो भाषा पनि बोलचालमा नै सीमित बन्न पुगेको देखिन्छ। २०७८ को जनगणना अनुसार नेपालमा दनुवार भाषा बोल्नेको सङ्ख्या ४९९९२ (०.१७%) रहेको छ भने कोशी प्रदेशमा ८१९९ (०.१६%) ले मातृभाषाका रूपमा दनुवार भाषाको प्रयोग गर्दै आएका छन्। यो प्रदेशका ताप्लेजुङ,

इलाम, झापा, मोरङ, सुनसरी र उदयपुर जिल्लामा बोलचालमा रहेको यो भाषा सबै भन्दा बढी ४९७४ जनाले उदयपुरमा मातृभाषाका रूपमा प्रयोग गरेको देखिन्छ।

***मुसलमान***

मुसलमान मुसलमान जातिको मातृभाषा हो। नेपालमा मुसलमान जातिको बसोवास रहेका क्षेत्रमा मुसलमान भाषाको प्रयोग हुनेगरेको छ। जनगणना २०७८ का अनुसार नेपालमा १६२५२ (०.०६%) ले र कोशी प्रदेशमा ७७६५ (०.१५%) मुसलमानहरूले मातृभाषाका रूपमा यो भाषाको प्रयोग गरेको देखिन्छ। कोशी प्रदेशका झापा, मोरङ र सुनसरी जिल्लामा मात्र यो भाषा बोलचालमा रहेको देखिन्छ भने सबैभन्दा बढी झापामा ४८५० जनाले मातृभाषाका रूपमा मुसलमान भाषाको प्रयोग गरेको पाइन्छ। यो भाषा पनि बोलचालमा नै सीमित रहेको पाइन्छ।

***संस्कृत***

संस्कृत समृद्ध परम्परा रहेको वाङ्मयिक भाषा हो २०७८ को जनगणनामा नेपालमा संस्कृत मातृभाषीहरूको सङ्ख्या १३९०६ (०.०५%) उल्लेख भएको छ भने कोशी प्रदेशमा चाहिँ संस्कृत मातृभाषीका रूपमा ४४३३ (०.०८%) जना सूचीकृत छन्। संस्कृत शास्त्रीय भाषाकै रूपमा संरक्षित रहेको पाइन्छ।

***केवरत***

जनगणना २०७८ मा केवरतलाई पहिलोचोटि सूचीकरण गरिएको छ। यो भाषाका बारेमा यसै समुदायका चतुर्भुजलाल दास केवरत (२०७६) ले 'सूचीकरणबाहिर केवरत भाषा' शीर्षकको लेखमा यसरी टिप्पणी गरेका छन् – "केवरत भारोपेली परिवारअन्तर्गत पर्ने भाषा हो। यो भाषा देवनागरी लिपिमा लेखिन्छ। केवरत समुदाय मोरङ जिल्लाको सुनवर्षी नगरपालिकाको वडा नं. ३, ४, ५, ६, ७, ९ र रतुवामाई नगरपालिकाको वडा नं. ३ को पिढालीमा परापूर्व कालदेखि बसोवास गर्दै आएको यहाँको मूलवासी हो। यो भाषाका वक्तासङ्ख्या लगभग १२ हजार छ"। जनगणना २०७८ अनसार केवरत मातृभाषीहरूको सङ्ख्या ३४६९ (०.०१%) रहेको छ भने कोशी प्रदेशमा ३४५८ (०.०६%) रहेको देखिन्छ। यस तथ्याङ्कले १००% केवरतहरू यसै प्रदेशभित्र रहेको स्पष्ट पार्दछ। यस प्रदेशका झापा (२८ जना), मोरङ (३४१५ जना) र सुनसरी (१५जना) मा यो भाषा मातृभाषाका रूपमा बोलिएको देखिन्छ। यो भाषाको अवस्था पनि निकै कमजोर रहेको देखिन्छ।

***सद्री***

सद्री भाषालाई भारतमा नागपुरी पनि भनिएको पाइन्छ। यो भाषा भारतका झारखण्ड, छत्तिसगढ, उडिसा र बिहारमा विशेष गरी बोल्ने गरिएको छ। यो भाषा सदानी भाषासँग पनि निकै मिल्दोजुल्दो देखिन्छ । नेपालमा

जनगणना २०७८ मा पहिलोचोटि सूचीकरण गरिएको यो भाषा बोल्नेको सङ्ख्या १३४७ रहेकामा कोशी प्रदेशमा यो भाषा बोल्नेको सङ्ख्या १३२४ (०.०२%) रहेको देखिन्छ। यो प्रदेशका झापा (१०२६ जना) र मोरङ (२९८ जना) जिल्लामा मात्र यो भाषा बोलचालमा रहेको देखिन्छ। झापाका मेचीनगर, झापा, भद्रपुर लगायतका पालिकामा यो भाषा प्रयोगमा रहेको देखिन्छ। सीमित वक्ता सङ्ख्या, सानो भूगोल तथा बोलीचालीमा सीमित भएका कारणले यो भाषाको अवस्था पनि कमजोर नै रहेको देखिन्छ।

***डोने***

डोने दनुवारसँग मिल्दो भाषा हो। नेपालको जनगणनामा २०७८  यो भाषालाई पनि पहिलोचोटि समावेश गरिएको छ। नेपालको वागमती प्रदेशको सिन्धुपाल्चोक जिल्लामा यो भाषा बोल्नेहरूको सङ्ख्या बढी देखिन्छ। जनगणना २०७८ का अनुसार नेपालमा डोने भाषा बोल्नेको सङ्ख्या ३१०० (०.०१%) रहेको देखिन्छ भने कोशी प्रदेशको उदयपुर जिल्लामा मात्र ११३७ (०.०२%) ले मातृभाषाका रूपमा डोने भाषाको प्रयोग गरेको पाइन्छ।

***कुमाल***

कुमाल जातिले बोल्ने भाषालाई कुमाल भाषा भनिन्छ। नेपालमा कुमाल जाति माटाका भाँडा बनाएर बेची जीविका गर्ने जातिका रूपमा परिचित रहेको छ। जनगणना २०७८ का अनुसार नेपालमा यो भाषा बोल्नेको सङ्ख्या १८४३५ (०.०६%) रहेको छ भने कोशी प्रदेशका सोलुखुम्बु, इलाम, झापा, मोरङ, सुनसरी र उदयपुर जिल्लाका १०६९ (०.०२%) कुमालहरूले मातृभाषाका रूपमा कुमाल भाषाको प्रयोग गरेको देखिन्छ।

कोशी प्रदेशमा बोलिने १००० भन्दा कम वक्ता भएका भारोपेली परिवारका भाषाहरूको अवस्था निकै कमजोर रहेको छ। यी भाषाहरूको अवस्थालाई हेर्दा यस प्रदेशमा यी भाषाहरू बोलचालमा खासै प्रयोग नभई केवल अभिलेखमा मात्र सीमितजस्ता देखिन्छन्। सिङ्गो नेपालमा उल्लेख्य सङ्ख्यामा रहेका अवधी बज्जिकाजस्ता भाषाहरू पनि यस क्षेत्रमा निकै कमजोर देखिएका छन्।  खासगरी यी भाषाहरूको मूल क्षेत्र यो प्रदेश नभएकाले नै यस प्रदेशमा यी भाषाहरू बोल्ने वक्ताहरूको सङ्ख्या न्यून भएको देखिन्छ।  कोशी प्रदेशमा १००० कम वक्ताहरू रहेका भाषाहरू सङ्ख्या १७ रहेको छ। यी भाषाहरूका वक्तासङ्ख्या तथा प्रयोग क्षेत्रलाई निम्नअनुसारका तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं.१**

*कोशी प्रदेशमा भारोपेली परिवारका १००० भन्दा कम वक्ता भएका भाषाहरू*

| क्र.सं. | **भाषा** | **वक्ता** | **प्रतिशत** | **कोशी प्रदेशमा बोलिने क्षेत्र** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | अवधी | ९७६ | ०.०१ | सङखुवासभा र तेह्रथुमबाहेकका सबै जिल्ला |
| २ | खस | ६२५ | ०.०१ | सोलुखुम्बु, भोजपुर, तेह्रथुम र  पाँचथरबाहेकका सबै |
| ३ | बज्जिका | ५५९ | ०.०१ | सोलुखुम्बु, भोजपुर, तेह्रथुम र इलामबाहेकका सबै |
| ४ | कुर्माली | ३७७ | ०.०० | झापा र मोरङ |
| ५ | बोटे | २५७ | ०.०० | ताप्लेजुङ, सङखुवासभा, सुनसरी र उदयपुर |
| ६ | बैतडेली | २५३ | ०.०० | ताप्लेजुङ, तेह्रथुम, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी |
| ७ | कोचे | २०९ | ०.०० | झापा |
| ८ | सिन्धी | १८५ | ०.०० | खोटाङ, भोजपुर, इलाम, झापा, मोरङ, सुनसरी र उदयपुर |
| ९ | डोटेली | १६७ | ०.०० | ताप्लेजुङ,  सोलुखुम्बु,  पाँचथर, झापा, मोरङ, सुनसरी |
| १० | मालपाँडे | १४२ | ०.०० | ओखलढुङ्गा, झापा र उदयपुर |
| ११ | इङ्लिस | १३२ | ०.०० | सङ्खुवासभा, झापा र मोरङ |
| १२ | सधानी | ८२ | ०.०० | ताप्लेजुङ र झापा |
| १३ | हरियान्वी | ५७ | ०.०० | झापा, मोरङ र सुनसरी |
| १४ | दार्चुलेली | ४९ | ०.०० | मोरङ र सुनसरी |
| १५ | पन्जाबी | ३१ | ०.०० | ताप्लेजुङ, मोरङ र सुनसरी |
| १६ | दरै | ३० | ०.०० | ताप्लेजुङ र मोरङ |
| १७ | जुम्ली | २१ | ०.०० | उदयपुर |

स्रोत : जनगणना २०७८ अनुसार स्वनिर्मित तालिका

**कोशी प्रदेशका भोटबर्मेली परिवारका भाषाहरू**

जनगणना २०७८ अनुसार कोशी प्रदेशमा भोटबर्मेली परिवारका ५६ वटा भाषा बोलिन्छन् । सिङ्गो नेपालमाजस्तै यस प्रदेशमा पनि भोटबर्मेली परिवारका भाषाहरू नै सबैभन्दा बढी बोलिन्छन् । यिनीहरूमध्ये यस प्रदेशमा २९ वटा भाषाहरू त राई समूहकै रहेका छन् । यी भाषाहरूको बोलचालको क्षेत्र यही प्रदेश नै रहेको देखिए पनि नेपाली भाषाको सम्प्रभुत्व कारण यी भाषाहरुको अवस्था निकै कमजोर रहेको पाइन्छ । कोशी प्रदेशमा परिवारका १००० भन्दा माथि वक्ता भएका राई समूहबाहेकका भाषाहरूको अवस्था  निम्नअनुसार देखिन्छ :

***लिम्बू***

लिम्बू भोटवर्मेली परिवारको सम्पन्न भाषा हो। यो भाषा कोशी प्रदेशभरि नै विस्तारित रहेको छ। २०७८ को तथ्याङ्कअनुसार नेपालमा जम्मा ३५०४३६ लिम्बू मातृभाषीहरूमध्ये यस प्रदेशमा ३३२५१२ वक्ताले मातृभाषाका रूपमा लिम्बूभाषाको प्रयोग गरेको देखिन्छ; जुन समग्र नेपालको लिम्बू मातृभाषीहरूको तथ्याङ्कमा ९४.८८ र यो प्रदेशको मातृभाषाहरूमा ६. ७०% हुन आउँछ। कोशी प्रदेशका १४ जिल्लामध्ये ताप्लेजुङ र पाँचथर जिल्लामा लिम्बू मातृभाषीको सङ्ख्या पहिलो स्थानमा रहेको छ। ताप्लेजुङमा जम्मा ४७५१५ र पाँथरमा ७२८७१ लिम्बू मातृभाषीहरू रहेका छन्। जिल्लाको भाषिक तथ्याङ्कमा जम्मा ताप्लेजुङमा ३९.४०% र पाँचथरमा ४२.२६% लिम्बू मातृभाषीहरू रहेका छन्।

कोशी प्रदेशमा याक्थुङ भाषा ताप्लेजुङ र पाँचथरमा पहिलो स्थानमा, इलाम, धनकुटा र तेह्रथुममा दोस्रा स्थानमा, झापा र मोरङमा तेस्रा स्थानमा, सुनसरीमा चौथा र सङ्खुवासभामा पाँचौँ स्थानमा देखिएको छ भने भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ र उदयपुर जिल्लामा पनि यो भाषा बोल्ने वक्ताहरूको सङ्ख्या उल्लेखनीय नै देखिन्छ। भाषा आयोगले कोशी प्रदेशमा सरकारी कामकाजका रूपमा सिफारिस गरेको यो भाषाको  लिम्बू जातिका आधारमा नामकरण गरिएको  भए पनि २०७८ को गणनामा यसलाई याक्थुङ नाम दिई विशेष पहिचान गराइएको छ। यसका पान्थरे, छथरे, फेदापे, मेवाखोले, कोयाखोलेजस्ता भाषिका तथा उपभाषिकाहरू रहेका आधारमा यसलाई निकै समृद्ध र जीवन्त मान्न सकिन्छ। यस भाषामा उच्च माध्यमिक तहसम्म नै पठनपाठन हुन थालेको छ भने साहित्य, सञ्चार, चलचित्र आदिका क्षेत्रमा यसको विस्तार भइसकेको छ। कोश सम्पादन तथा व्याकरण लेखनका क्षेत्रमा समेत निकै काम भइसकेकाले यो भाषा एक नं. प्रदेशमा अन्य जनजातीय भाषाहरूका तुलनामा निकै सम्पन्न रहेको निष्कर्षमा पुग्न सकिन्छ।

***तामाङ***

नेपालमा  भोट बर्मेली परिवारको सबैभन्दा बढी वक्तासङ्ख्या भएको भाषा हो। सिङ्गो नेपालमा तामाङ मातृभाषीको सङ्ख्या १४२३०७५ रहेको छ। (४.८८%) रहेको छ। यद्यपि यो तथ्याङ्क विगतका जनगणनाका तुलनामा%का आधारमा भने केही कम नै देखिन्छ।  जनगणना २०५८ अनुसार नेपालमा ११६९१४५ (५.**१९%**) र जनगणना २०६८ अनुसार १३५३३११ (५.**१०७८%**) तामाङभाषी वक्ताहरू रहेका देखिन्छन्। २०७८ को तथ्याङ्कअनुसार कोशी प्रदेशमा १७५४४५ जना व्यक्तिहरूले मातृभाषाका रूपमा यसको प्रयोग गर्दछन्। यो सङ्ख्या सिङ्गो प्रदेशका मातृभाषीहरूमा ३.३१%  रहेको छ। नेपालका समग्र भाषाहरूमा पाँचौ स्थानमा रहेको यो भाषा यस प्रदेशमा भने छैटौँ स्थानमा रहेको छ। लोकपरम्परामा लामो इतिहास रहे पनि लेख्यपरम्परा भर्खरै

मात्र विकसित भएको यस भाषामा तिब्बती लिपिको प्रयोग हुनुपर्ने भए पनि नेपालमा देवनागरी लिपिको प्रयोग गरिएको पाइन्छ। नेपालमा यस भाषामा प्राथमिक तहदेखि उच्च शिक्षासम्म नै शिक्षा दिने उद्देश्य अनुरूप पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखन हुँदै गरेको पाइन्छ भने श्रव्य तथा दृश्य सञ्चारका साथै चलचित्रमा समेत तामाङ भाषाको प्रवेश भइसकेको देखिन्छ।

***मगर ढुट***

मगर जातिले बोल्ने आधारमा मगर नामकरण गरिएको यस भाषालाई जनगणना २०७८ मा मगर ढुट, मगर खाम र मगर काइके नामले छुट्टाछट्टै सूचीकत गरिएको छ। यी भाषाहरूको भाषावैज्ञानिक अध्ययन गरी यिनीहरू फरक फरक भाषा हुन् कि भाषिका हुन् सूक्ष्म अध्ययन गर्नु आवश्यक देखिन्छ। यस प्रदेशमा मगर ढुट र मगर खाम मात्र बोलचालमा रहेका देखिन्छन्। यस प्रदेशमा मगर ढुट भाषा बोल्ने मातृभाषीहरूको सङ्ख्या १४३११७ रहेको छ। यो सङ्ख्या यस प्रदेशका समग्र मातृभाषीहरूमा २.८८% हुन्छ। मगर ढुट यस प्रदेशका सबै जिल्लामा प्राय: समानुपातिक रूपमा नै विस्तारित रहेका देखिन्छन्। सिङ्गो नेपालका ८१०३१५ वक्ताहरूमध्ये यस प्रदेशमा मात्र मगर ढुट बोल्ने व्यक्तिहरू १७.६६% रहेका देखिन्छन्। मगर खामको सङ्ख्या भने यस प्रदेशमा १५२ जना मात्र रहेको देखिन्छ। यिनीहरू झापा, मोरङ, सुनसरी तथा उदयपुर जिल्लामा विस्तारित रहेका देखिन्छन्। चौबिसी राज्यहरूको उदयभन्दा पहिले गण्डकीको तल्लो भेकतिर मगरहरूको आफ्नै स्वतन्त्र राज्य रहेको र आधुनिक नेपालको एकीकरणताका उक्त प्रदेशलाई मगरात भनिएको उल्लेख पाइन्छ (गौतम, २०४९, पृ. २०४)। यस आधारमा हेर्दा मगरहरूको ऐतिहासिक परम्परा निकै सुदृढ देखिन्छ भने नेपालका विभिन्न जिल्लामा यिनीहरू छरिएर रहेका देखिन्छन्। लामो एतिहासिक परम्परा रहे पनि यसको लेख्यपरम्परा भने त्यति सुदृढ हुन सकेको देखिँदैन। अहिले आएर यस भाषामा पत्रिका प्रकाशन, श्रव्य सञ्चारमा उपयोग, कोश सम्पादन, व्याकरण लेखन हुनाका साथै प्राथमिक तहसम्म शिक्षा दिनका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखनसम्बन्धी कार्यहरूको सुरुवात भए पनि यस प्रदेशमा यो भाषा बोलचालमा नै सीमित बन्न पुगेको पाइन्छ। नेपालमा नवौँ स्थानमा रहेको यो भाषा यस प्रदेशमा चाहिँ सातौँ स्थानमा रहेको छ।

***शेर्पा***

शेर्पा शेर्पा जातिको मातृभाषा हो। शेर्पा जातिको मूल थलो कोशी प्रदेश नै हो। सोलुखुम्बु जिल्ला शेर्पाहरूको मुख्य क्षेत्र मानिन्छ। मनाङ, मुस्ताङ, हुम्ला आदि हिमाली जिल्लामा शेर्पाहरूको बसोबास रहेको छ। जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालमा शेर्पा मातृभाषीहरूको सङ्ख्या ११७८९६ (०.४%) रहेको देखिन्छ भने कोशी प्रदेशमा चाहिँ ६५३९९ (१.३१%) ले मातृभाषाका रूपमा प्रयोग गरेको पाइन्छ। कोशी

प्रदेशमा यो भाषा एघारौँ स्थानमा रहेको छ। कोशी प्रदेशको इलाममा प्राथमिक तहमा पठनपाठन भइरहेको यस भाषाको विकासका लागि पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक सम्पादनलगायतका केही कामहरू भएका देखिन्छन्।

***नेपालभाषा/नेवारी***

नेपालभाषा वा नेवार भाषा नेवार जातिले बोल्ने नेपालको समृद्ध भाषा हो। नेपालका सम्पूर्ण भाषाहरूमा यो आठौँ स्थानमा रहेको छ भने कोशी प्रदेशमा चाहिँ बाह्रौँ स्थानमा रहेको देखिन्छ। जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालमा ८६३३८० (२.९६%) व्यक्तिले मातृभाषाका रूपमा नेपालभाषाको प्रयोग गरेको पाइन्छ। यो सङ्ख्या २०६८को जनगणनाको तुलनामा केही कम देखिन्छ। २०६८को गणनामा नेपालमा ८४६५५७ (३.१९५२%) नेवारभाषी वक्ताहरू रहेको देखिन्छ। कोशी प्रदेशमा पनि नेवार मातृभाषीहरू उल्लेख्य सङ्ख्यामा रहेका छन्। २०७८ को तथ्याङ्कअनुसार यस प्रदेशमा ६२७४१ (१.१६%) वक्ताले मातृभाषाको प्रयोग गरेको देखिन्छ समग्र नेपालका तुलनामा यस प्रदेशमा नेवार भाषा बोल्नेहरूको सङ्ख्या ७.२६% रहेको देखिन्छ। कोशी प्रदेशका सबै जिल्लामा विस्तारित रहेका नेवारभाषीहरू सुनसरी र मोरङ जिल्लामा सर्बभन्दा बढी सङ्ख्यामा बसोबास गरेको पाइन्छ। नेवार भाषा आफैँमा समृद्ध छ। यसको आफ्नै लिपि, वाङ्मय र साहित्य रहेको यो भाषा य प्रदेशमा भने बोलचालमा नै सीमित रहेको छ।

***गुरुङ***

गुरुङ जातिले बोल्ने भाषालाई गुरुङ भाषा भनिन्छ। गण्डकी तथा धौलागिरी अञ्चल मूल थलो भएको यो भाषा नेपालका विभिन्न जिल्लामा बोलचालमा रहेको छ। जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालमा ३२८०७४ (१.१२%) वक्ताले र कोशी प्रदेशमा २७३९० (०.५५%) जनाले मातृभाषाका रूपमा गुरुङ भाषाको प्रयोग गरेको देखिन्छ। कोशी प्रदेशका सबै जिल्लामा यो भाषा समानुपातिक रूपमा नै विस्तारित रहेको पाइन्छ। लोक साहित्य तथा संस्कृतिका दृष्टिले निकै समृद्ध मानिएको यस भाषामा व्याकरण लेखन, शब्दकोश सम्पादन, पाठ्यपुस्तक तथा चलचित्र निर्माण, पत्रपत्रिकामा उपयोग, दृश्यसञ्चारमा प्रयोगजस्ता कार्यहरू भए पनि यो भाषा यस प्रदेशमा बोलचालमा नै सीमित रहेको पाइन्छ।

***धिमाल भाषा***

धिमाल जातिले बोल्ने भाषा हो। झापा, मोरङ र सुनसरीका विभिन्न ठाउँगाउँमा धिमालहरूको बसोबास रहेको पाइन्छ (ढकाल, २०६६, पृ. ३८६)। जनगणना २०७८ को तथ्याङ्कअनुसार यो भाषा नेपालमा २०५८३ (०.०७%) ले र कोशी प्रदेशमा २०००६ (०.४०%) वक्ताले मातृभाषाका रूपमा प्रयोग गर्दछन्। यो भाषामा विद्यारिधि तहका शोधका साथै व्याकरण लेखन कार्य भए पनि यो भाषा बोलचालमा नै सीमित देखिन्छ।

***याक्खा***

अहिले याख्खाहरूले आफूलाई किरात समूहदेखि छुट्टै परिचय गराउन थालेका छन् । यो पनि याख्खा जातिकै आधारमा नामकरण गरिएको भाषा हो । जनगणना वि.सं.२०७८ अनुसार नेपालमा याक्खा मातृभाषी वक्ताको सङ्ख्या १४२४१ रहेको देखिन्छ भने यो प्रदेशमा १३६२९ जनाले मातृभाषाका रूपमा याख्खा भाषाको प्रयोग गरेको देखिन्छ, जुन यो प्रदेशको ०.२७% हुन आउँछ । सङ्खुवासभा र धनकुटा जिल्लामा याख्खा मातृभाषीहरूको बसोवास बढी रहेको छ । सोलुखुम्बु, ओखलढुङ्गा र खोटाङमा भने यिनीहरूको बसोबास रहेको पाइँदैन । यस भाषाका उन्नयनमा केही संस्थागत कामहरू भए पनि भाषाको उत्थान गर्न धेरै काम हुन बाँकी देखिन्छ ।

***सुनुवार***

राई समूहभन्दा भिन्दै वर्गमा सूचीकरण गरिएको किरात सुनुवारलाई परम्परागत रूपमा यसै वर्गमा राखिएको देखिन्छ । जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालमा सुनुवार मातृभाषीहरूको सङ्ख्या ३२७०८ (०.११%) जना रहेको देखिन्छ भने यो प्रदेशमा १३४५९ जनाले मातृभाषाका रूपमा सुनुवार भाषाको प्रयोग गरेको पाइन्छ । कोशी प्रदेशको समग्र मातृभाषीहरूमा जम्मा ०.२७% वक्ताले मातृभाषाका रूपमा सुनुवार भाषाको प्रयोग गरेको देखिन्छ । यो भाषा कोशी प्रदेशका सबै जिल्लामा बोलिए पनि खोटाङ र इलाम जिल्लामा सबैभन्दा बढी बोलिएको देखिन्छ । खोटाङमा ४०६८ जनाले र इलाममा २०९८ जनाले मातृभाषाको रूपमा सुनुवार भाषा बोल्दै गरेको तथ्य यो जनगणनामा अगाडि आएको छ । यो भाषा पनि अन्य किराती भाषाहरूजस्तै विकासोन्मुख अवस्थामा रहेको छ । यस जातिको भाषा, साहित्य र संस्कृति उत्थानका लागि सुनुवार सेवा समाज क्रियाशील रहेको देखिन्छ ।

***भुजेल***

भुजेल भुजेल जातिले बोल्ने भाषा हो । जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालमा भुजेल मातृभाषीको सङ्ख्या १३०८६ (०.०४%) रहेको देखिन्छ । यही तथ्याङ्कअनुसार कोशी प्रदेशमा भुजेल मातृभाषा हुनेको सङ्ख्या ७११३ (०.१४%) रहेको छ । यो प्रदेशका सबै जिल्लामा समानुपातिक रूपमा यो भाषाको विस्तार भएको देखिन्छ । सीमित बोलचालमा रहेको यो भाषाको अवस्था निकै कमजोर रहेको देखिन्छ ।

***भोटे***

भोटे जनगणना २०७८ मा पहिलोचोटि सूचीकरण गरिएको भाषा हो । नेपालमा यो भाषा बोल्नेको सङ्ख्या १२८९५ (०.०४%) रहेको छ भने कोशी प्रदेशमा यो भाषालाई ४५९७ (०.०९%) वक्ताले मातृभाषाका

रूपमा प्रयोग गरेको देखिन्छ। कोशी प्रदेशका खोटाङ, धनकुटा, तेह्रथुम तथा उदयपुरबाहेकका अन्य जिल्लामा बोलचालमा रहेको यो भाषा सबैभन्दा बढी सङ्खुवासभा जिल्लामा ३९५४ जनाले मातृभाषाका रूपमा प्रयोग गरेको देखिन्छ। यो भाषा पनि बोलचालमा नै सीमित रहेको पाइन्छ।

***मेचे***

चिनिया तिब्बती परिवारको मेचे भाषा मूलतः मेची अञ्चलको झापा जिल्लामा विस्तारित रहेको छ। २०७८ को तथ्याङ्कअनुसार यो भाषा नेपालमा ४२०३ (०.०१%) ले मातृभाषाका रूपमा प्रयोग गरेको देखिन्छ भने कोशी प्रदेशमा यो भाषा बोल्नेहरूको सङ्ख्या ४१४३ (०.०८%) रहेको छ। यो भाषा कोशी प्रदेशका झापा (४१३३ जना) र मोरङ (१०जना) बोलिन्छ। प्राथमिक तहको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरी पठनपाठन थालिए पनि यो भाषा वाङ्मयिक तथा अन्य पक्षका दृष्टिले त्यति समृद्ध बन्न सकेको छैन।

***लाप्चा***

लाप्चा लाप्चा जातिले बोल्ने भाषा हो। यो भाषा सिक्किम तथा दार्जिलिङतिर बढी मात्रामा बोलिन्छ। जनगणना २०७८ अनुसार नेपालमा २२४० (०.०१%) जनाले र कोशी प्रदेशमा २११८ (०.०४%) जनाले मातृभाषाका रूपमा लाप्चा भाषाको प्रयोग गरेको पाइन्छ। कोशी प्रदेशका पाँचथर, इलाम, झापा र सुनसरी जिल्लामा विस्तारित यो भाषाको मूल क्षेत्र इलाम रहेको देखिन्छ। इलाममा यो भाषा बोल्नेहरूको सङ्ख्या १९९७ रहेको छ।

***घले***

घले नेपालको एक छुट्टै जाति हो। घले भाषा उत्तरी गोरखा, धादिङ्ग, नुवाकोट, रसुवा, मकवानपुर, चितवन, कास्की, भोजपुर, सङ्खुवासभा लमजुङलगायतका नेपालका विभिन्न जिल्लामा बोलिने गर्दछ। जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालमा २३०४९ अर्थात् ०.०८% ले मातृभाषाका रूपमा र कोशी प्रदेशका सङ्खुवासभा, भोजपुर, इलाम, झापा र मोरङमा जम्मा १४१५ (०.०२%) वक्ताले मातृभाषाका रूपमा प्रयोग गरेको पाइन्छ।

नेपालमा भोटबर्मेली परिवारका सबैभन्दा बढी भाषाहरू बोलिन्छन्। भाषा बढी भए पनि वक्तासङ्ख्या कम हुनु भोटबर्मेली परिवारका भाषामा देखिएको प्रमुख समस्या हो। वक्ता जति कम हुन्छन् भाषा त्यति कमजोर हुन्छ। कोशी प्रदेशमा १०,००० भन्दा कम वक्ता भएका राई समूहबाहेकका भोटबर्मेली परिवारका भाषाहरूको सङ्ख्या १३ रहेको छ भने यिनमा ५० भन्दा कम वक्ता भएका भाषाहरू ७ वटा रहेका देखिन्छन्। यसले यी भाषाहरू यस प्रदेशमा अभिलेखित भए पनि बोलचालका परिधिभन्दा बाहिर रहेको तथ्यलाई पुष्टि गर्दछ। यस

आधारमा कोशी प्रदेशमा यी भाषाहरूको अवस्था तथा प्रकार्य निकै कमजोर रहेको छ। यस प्रदेशमा अति न्यून सङ्ख्यामा बोलिने यी भाषाहरूको मूल क्षेत्र कोशी प्रदेश नभएकै कारणले पनि यस प्रदेशमा यी भाषा बोल्ने वक्ताहरूको सङ्ख्या कम भएको देखिन्छ। कोशी प्रदेशमा बोलिने १००० भन्दा कम वक्ता भएका भाषाहरूलाई तालिकामा निम्नअनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं.२**

*भोटबर्मेली परिवारका १००० भन्दा कम वक्ता भएका भाषाहरू*

| क्रम | भाषा | मातृभाषी | प्रतिशत | कोशी प्रदेशमा प्रयोग हुने क्षेत्र |
|---|---|---|---|---|
| १ | ह्योल्मो/य्होल्मो | ७८६ | ०.०१५८ | सङ्खुवासभा, इलाम र झापा |
| २ | तिब्बती | १८० | ०.००३६ | सङ्खुवासभा, सोलुखुम्बु, तेह्रथुम, इलाम, झापा, मोरङ, सुनसरी |
| ३ | मगर खाम | १५२ | ०.००३१ | धनकुटा, झापा, मोरङ, सुनसरी र उदयपुर |
| ४ | मनाङे | १४७ | ०.००३० | ओखलढुङ्गा, इलाम, झापा, मोरङ, सुनसरी र उदयपुर |
| ५ | ल्होमी | १२४ | ०.००२५ | सोलुखुम्बु |
| ६ | मगर कैके | ४० | ०.०००८ | ताप्लेजुङ, इलाम, सुनसरी र उदयपुर |
| ७ | दुरा | ३७ | ०.०००७ | ओखलढुङ्गा |
| ८ | राजी | २८ | ०.०००६ | इलाम र मोरङ |
| ९ | ब्याँसी | २८ | ०.०००६ | मोरङ |
| १० | कागते | २५ | ०.०००५ | इलाम |
| १२ | जिरेल | १० | ०.०००२ | सोलुखुम्बु |
| १३ | छन्त्याल | १० | ०.०००२ | मोरङ |

स्रोत : जनगणना २०७८ अनुसार स्वनिर्मित तालिका

***राई समूहका भाषाहरू***

कोशी प्रदेश किरात भाषाभाषीहरूको केन्द्रीय क्षेत्र हो। किरात भनेको कुनै खास जाति वा भाषा नभई सिङ्गो समुदायलाई जनाउने साझा नाम हो। यसको सम्बन्ध जाति र धर्मसँग जोडिएको छ। खासगरी एउटै किरात धर्मलाई मान्ने प्राचीनतम जातिलाई नै किरात जाति मानिएको छ। यस किसिमको "एउटै धर्म किरात मान्ने जातिले बोल्ने भाषालाई किरात भाषा भनिएको हो" (तुम्बाहाङ, २०७६, पृ. ८१)। यस किरात महाजातिभित्र

विभिन्न जातजातिहरू समाविष्ट रहेका छन् । यसै किरातभित्रै राई समूह पनि पर्दछ । राईलाई जनगणनामा जातिमा मात्र केन्द्रित नगरी भाषाका रूपमा समेत उल्लेख गरिएको छ । खासगरी राईलाई निश्चित समूह वा भाषाका रूपमा नलिई महाजातिका रूपमा लिनु सान्दर्भिक र वैज्ञानिक हुन्छ । जनगणना २०७८ अनुसार यस प्रदेशका राई समूहका भाषाहरूलाई निम्नअनुसार उल्लेख गरिएको छ :

**बान्तावा** : जनगणना २०७८ को तथ्याङ्कले बान्तावा भाषालाई राई समूहको सबैभन्दा ठुलो भाषाका रूपमा सूचीकृत गरेको छ । यो तथ्याङ्कले समग्र नेपालमा बान्तावाभाषी मातृभाषीहरूको सङ्ख्या १,३८,००३ (०.४७%) देखाएको छ भने यो प्रदेशमा १,३३,७४५ जना व्यक्तिले मातृभाषाका रूपमा वातान्वा भाषाको प्रयोग गर्दछन् ।  यो तथ्याङ्कले सिङगो नेपालका बान्तवा भाषीहरूमध्ये यो प्रदेशमा ९६.९१% रहेका देखिन्छन् भने यो प्रदेशको समग्र भातृभाषीहरूमा चाहिँ २.६९% रहेको पाइन्छ । वि.सं. २०६८ को जनगणनाअनुसार नेपालमा बान्तावाभाषी वक्ताहरूको सङ्ख्या १,३२,५८३ (०.५०% ) रहेको देखिन्छ । यो प्रदेशमा भोजपुरमा नेपाली पछि दोस्रो स्थानमा बान्तावा भाषाको स्थान देखिन्छ भने धनकुटा, इलाम, झापा, मोरङ, सुनसरी जिल्लामा पनि यो भाषा बोल्ने वक्ताहरू उल्लेख्य सङ्ख्यामा रहेका छन् ।

भोजपुर जिल्ला बान्तावा भाषाको उद्गम थलो मानिन्छ (राई,२०७३, पृ. १५१) । दिल्पाली, हतुवाली, आम्चोके र धनकुटेजस्ता भाषिकाहरू रहेको यो भाषा राई समूहका भाषाहरूमध्येकै सम्पन्न मानिएको छ । यस भाषाको संरक्षण तथा विकासका लागि व्यापक कार्यहरू भइरहेका छन् । नेपालका बान्तावाभाषी क्षेत्रका केही विद्यालयहरूमा मातृभाषा शिक्षाअन्तर्गगत प्राथमिक तहसम्म ऐच्छिक विषयका रूपमा यस भाषाको पठनपाठन हुनाका साथै यस भाषामा नियमित रूपमा पत्रिका प्रकाशन, साहित्य लेखन तथा व्याकरण लेखन कार्य भइसकेका देखिन्छन् ।

**राई** : वि.सं. २०६८ को जनगणनाले पहिलोचोटि राईलाई छुट्टै भाषाका रूपमा अभिलेखन गरेको थियो भने २०७८ को गणनाले पनि यसलाई निरन्तरता दिएको पाइन्छ । वास्तवमा राई भनेको भाषा नभएर महाजाति हो । यसले त्यस जातिभित्रको साझा नामलाई जनाउँछ तर यो आफैँमा छुट्टै र विशिष्टचाहिँ हुँदै होइन । भाषिक सचेतताको अभावका कारण जनगणनामा यो गल्ती फेरि दोहोरिएको देखिन्छ । २०६८ को तथ्याङ्कअनुसार नेपालमा राई मातृभाषीहरूको सङ्ख्या १,५९,११४ (०.०६%) रहेको थियो भने अहिलेको गणनामा १४४५१२ (०.५%) ले मातृभाषाका रूपमा राई भाषा बोल्ने गरेको तथ्य अगाडि सारिएको छ । यो प्रदेशमा राई मातृभाषा बोल्नेको सङ्ख्या ९१७४६ रहेको छ जुन समग्र राई मातृभाषीको तथ्याङ्कअनुसार ६३.४८% र यो प्रदेशको

भाषिक तथ्याङ्कअनुसार १.८४% हुन आउँछ । कोशी प्रदेशका सबै जिल्लाका यस भाषाका वक्ताहरूको विस्तार रहेको पाइन्छ उल्लेख भए पनि जाति र भाषा फरक भएका हुनाले यो त्रुटिलाई सच्याउनु अनिवार्य देखिन्छ ।

**चाम्लिङ** : कोशी प्रदेशमा चाम्लिङ मातृभाषीहरूको सङ्ख्या ८२६४० (१.६६%) रहेको छ । सिङ्गो नेपालमा भने चाम्लिङ मातृभाषीहरू जम्मा ८९०३७ (०.३१%) रहेका छन् । यो तथ्याङ्कले ८२.०२% चाम्लिङ मातृभाषीहरू यसै प्रदेशमा रहेको देखाएको छ । यस प्रदेशका खोटाङ र उदयपुरमा चाम्लिङ मातृभाषीहरू बढी मात्रामा रहेका देखिन्छन् । खोटाङ जिल्ला यस भाषाको मुख्य केन्द्र हो । नेपालीपछिको दोस्रो स्थानमा यस जिल्लामा चाम्लिङ भाषा बोलचालमा रहेको पाइन्छ । यस जिल्लामा मात्र ३०७१५ जनाले मातृभाषाका रूपमा चाम्लिङ भाषाको प्रयोग गर्दछन् । उदयपुर जिल्लामा पनि चाम्लिङभाषीको सघन बसोबास रहेको छ । यस जिल्लामा चाम्लिङ भाषा चौथो स्थानमा रहेको पाइन्छ । अन्य सबै जिल्लामा यिनीहरूको बसोवास रहेको पाइन्छ । खासगरी खोटाङको रतन्छा, दिक्तेल तथा उययपुरको बलम्तालाई यस भाषाको केन्द्रीय क्षेत्र मानिएको छ । साहित्यका दृष्टिले केही सम्पन्न नै मानिने यस भाषामा व्याकरण तथा शब्दकोश लेखन तथा सम्पादनका साथै अनुसन्धानहरू एवम् सिर्जनात्मक कार्यहरू पनि भएका पाइन्छन् । सम्बन्धित क्षेत्रमा प्राथमिक तहसम्म यस भाषामा शिक्षण समेत भइरहेको छ ।

**कुलुङ** : कुलुङ कुलुङ राई जातिको मातृभाषा हो । २०७८ को तथ्याङ्कअनुसार नेपालमा कुलुङ मातृभाषीको सङ्ख्या जम्मा ३७९१२ रहेकामा यस प्रदेशमा ३६३६८ कुलुङ मातृभाषीहरूको बसोवास रहेको पाइन्छ । प्रदेशको समग्र मातृभाषीहरूमा ०.७३% कुलुङहरू यस क्षेत्रमा बसोबास गर्दछन् । यस भाषाका वक्ताहरूको पुर्ख्यौली थलो सोलुखुम्बु जिल्ला हो । सोलुखुम्बु, सङ्खुवासभा, भोजपुरलगायतका क्षेत्रमा कुलुङभाषीहरूको सघन बसोबास रहेको पाइन्छ । यस भाषामा साहित्यिक रचनाका साथै शब्दकोश र व्याकरण लेखन तथा पत्रपत्रिका प्रकाशनको प्रयास भए पनि अहिलेसम्म यो भाषा बोलचालमै सीमित रहेको छ ।

**थुलुङ** : थुलुङ थुलुङ राई जातिले प्रयोग गर्ने मातृभाषा हो । जनगणना २०६८ अनुसार नेपालमा थुलुङभाषी वक्ताहरूको सङ्ख्या २०,६५९(०.०७%) रहेकामा २०७८ को गणनामा यो तथ्याङ्कमा केही वृद्धि भई २४४०४ पुगेको पाइन्छ । कोशी प्रदेशमा यो भाषा बोल्ने वक्ताहरूको सङ्ख्या २२४०९ (०.४५%) देखिन्छ । तथ्याङ्कले यो भाषा लगभग यही प्रदेशमा नै सीमितजस्तो रहेको देखाएको छ । थुलुङ भाषा सोलुखुम्बु जिल्लामा मात्र ८८९५ जना वक्ताहरूले प्रयोग गर्ने आधारमा यस जिल्लालाई थुलुङ भाषाको मूल केन्द्रका रूपमा लिन सकिन्छ । कोशी प्रदेशका अन्य जिल्लामा पनि यो भाषा समानुपातिक रूपमै विस्तारित रहेको देखिन्छ । यो भाषामा पनि शब्दकोश लेखन,पत्रपत्रिका प्रकाशन लगायतका सामान्य काम मात्र भएका देखिन्छन् ।

**साम्पाङ** : साम्पाङ साम्पाङ राई जातिको मातृभाषा हो। यो कोशी प्रदेशमा विस्तारित रहेको राई समूहको भाषा हो। जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालमा यस भाषाका वक्ता सङ्ख्या २१,५७९ जना रहेको देखिन्छ। साम्पाङ भाषाको मूल थलो नै कोशी प्रदेश हो। यस प्रदेशमा २०६८६ (०.४१%) साम्पाङ मातृभाषीहरू रहेका देखिन्छन्। साम्पाङहरूको प्रमुख आदिम थलाका रूपमा खोटाङ जिल्लाको बासपानी, खार्तम्छा, फेदी र पाथेखालाई लिने गरिको छ (राई,२०७३,पृ. १५२)। खोटाङमा मात्र यो भाषा बोल्नेको सङ्ख्या ६३४९ रहनुले पनि यस तथ्यलाई पुष्टि गर्दछ। यस प्रदेशका अन्य सबै क्षेत्रमा यस भाषाको विस्तार भएको पाइन्छ। बोलचालमा केही समृद्ध मानिए पनि लेख्य रूपमा भने यसको विकास र विस्तार सीमित रूपमा मात्र भएको देखिन्छ।

**खालिङ** : खालिङ खालिङ राई समुदाय वा जातिले बोल्ने मातृभाषा हो। जनगणना वि.सं. २०७८ अनुसार नेपालमा नेपालमा खालिङ मातृभाषीको सङ्ख्या जम्मा १६५१४ (०.०६%) रहेको देखिन्छ। खालिङ भाषाको मूल क्षेत्र पनि यही प्रदेश हो। यस प्रदेशमा जम्मा १५३२६ जना खालिङभाषी मातृभाषीहरू रहेका देखिन्छन् जुन यस प्रदेशको समग्र मातृभाषाको ०.३०% हुन आउँछ। यो भाषाको मूल क्षेत्र सोलुखुम्बु जिल्ला हो। सोलुखुम्बु जिल्लामा मात्र यो भाषा बोल्ने वक्ताको सङ्ख्या ८९५४ जना रहेको पाइन्छ। त्यसैगरी सङ्खुवासभा, खोटाङ, इलाम, मोरङ, सुनसरी, भोजपुर लगायतका जिल्लाहरूमा पनि यस भाषाका वक्ताहरू उल्लेख्य सङ्ख्यामा पाइन्छन्। खालिङहरूका भाषा, धर्मसंस्कृतिको संरक्षण र संवर्धन गर्ने उद्देश्यले 'किरात खालिङ राई उत्थान सङ्घ' क्रियाशील रहेको पाइन्छ। यस भाषामा पनि साहित्यका साथै शब्दकोश र व्याकरण लेखनका प्रयासहरू भएका देखिन्छन्।

**बाहिङ/बायुङ** : बाहिङ बाहिङ राई जाति वा समुदायले बोल्ने भाषा हो। बाहिङ समुदायलाई रोके/रेके, बायुङ, बाइङ, रुम्दाली भनेर पनि चिनिन्छ। वि.सं. २०७८ को भाषिक तथ्याङ्कअनुसार नेपालमा १४४४९ (०.०५%) वक्ताले मातृभाषाका रूपमा यो भाषाको प्रयोग गरेको देखिन्छ। यस प्रदेशका तेह्रथुमबाहेकका अन्य जिल्लामा यस भाषाको प्रयोग गरिएको भए पनि ओखलढुङ्गा जिल्ला यसको मूल केन्द्र मानिएको छ। यस जिल्लामा मात्र ६६१८ जनाले मातृभाषाका रूपमा यो भाषाको प्रयोग गरेको देखिन्छ। सिङ्गो प्रदेशमा भने १३२१८ जनाले मातृभाषाका रूपमा यस भाषाको प्रयोग गरेको तथ्याङ्कले देखाएको छ जुन यस प्रदेशको समग्र मातृभाषीको ०.२६% हुनआउँछ। बाहिङ जातिको भाषा तथा संस्कृतिको संरक्षण एवम् विकासका लागि 'बाहिङ किरात मुलुखिम (बाकिमु)' संस्थाको स्थापनाका साथै भाषिक अनुसन्धान, साहित्य तथा व्याकरण लेखन एवम् शब्दकोश सम्पादनको प्रयास भइरहेको देखिन्छ।

**वाम्बुले** : वाम्बुले वाम्बुले राई समुदाय वा जातिले मातृभाषाका रूपमा बोल्ने भाषा हो। ओखलढुङ्गा जिल्ला मूल क्षेत्र भएको यो भाषा यो प्रदेशका ताप्लेजुङ र सोलुखुम्बुबाहेकका सबै जिल्लामा मातृभाषाका रूपमा प्रयोग हुँदै आएको छ। ओखलढुङ्गा जिल्लामा चाहिँ यो भाषाका ६८५५ वक्ताहरू रहेका देखिन्छन्। त्यहाँ यो भाषा चौथो स्थानमा रहेको पाइन्छ। जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालमा वाम्बुले राई मातृभाषा हुनेहरूको सङ्ख्या १५२८५ अर्थात् ०.०५% रहेको देखिन्छ। यस प्रदेशमा १३२०१ जनाले मातृभाषाका रूपमा यस भाषाको प्रयोग गर्ने गरेको २०७८ को तथ्याङ्कले देखाएको छ, जुन यस प्रदेशको समग्र मातृभाषीहरूको ०.२६% रहेको पाइन्छ। वाम्बुलेहरूको भाषा तथा संस्कृतिको विकासका लागि 'वाम्बुले राई समाज' नामक संस्था क्रियाशील रहेको भए पनि यस भाषामा केही मात्रामा साहित्य लेखन,व्याकरण तथा शब्दकोश प्रकाशन जस्ता कार्यहरू मात्र भएका देखिन्छन्।

**याम्फू/याम्फे** : याम्फू राई जातिले मातृभाषाका रूपमा प्रयोग गर्ने भाषालाई याम्फू वा याम्फे भाषा भन्निछ। यसलाई याम्फुखाम पनि भनिएको पाइन्छ हो। वि.सं. २०७८ को भाषिक तथ्याङ्कअनुसार नेपालमा १०७४४ अर्थात् ०.०४% व्यक्तिले मातृभाषाका रूपमा यस भाषाको प्रयोग गरेको पाइन्छ। यस प्रदेशमा जम्मा १०४६८ ले यस भाषाको प्रयोग गरेका आधारमा यो प्रदेश नै याम्फू भाषाको मूल थलो हो भन्ने बुझिन्छ। समग्र नेपालको भाषिक तथ्याङ्कलाई आधार बनाउँदा यो प्रदेशमा मात्र ९७.४३% याम्फू मातृभाषीहरू रहेका देखिन्छन्। प्रदेशको भाषिक तथ्याङ्कअनुसार यस प्रदेशमा ०.२१% व्यक्तिले मातृभाषाका रूपमा यस भाषाको प्रयोग गरेको पाइन्छ। सङ्खुवासभा याम्फू भाषाको मूल भाषिक क्षेत्र हो। यस जिल्लामा ६११७ व्यक्तिले मातृभाषाका रूपमा यसको प्रयोग गर्दछन्। यो प्रदेशका ताप्लेजुङ, सोलुखुम्बु, ओखलढुङ्गा, धनकुटा र तेह्रथुम जिल्लामा भने यो भाषा बोलिएको पाइँदैन। यो भाषाका समृद्धिका लागि खासै काम भएको देखिँदैन।

**नाछिरिङ** : नाछिरिङ नाछिरिङ राई समुदायको मातृभाषा हो। वि.सं. २०७८ को जनगणनामा समग्र नेपालमा मातृभाषाका रूपमा यो भाषा बोल्ने व्यक्तिहरूको सङ्ख्या ९९०६ अर्थात् ०.०३% रहेको छ भने कोशी प्रदेशमा जम्मा ९३०२ जना व्यक्तिले मातृभाषाका रूपमा नाछिरिङ भाषाको प्रयोग गरेको पाइन्छ। यो तथ्याङ्कले यस प्रदेशमा नै ९३.९०% नाछिरिङ मातृभाषीहरू रहेको देखाएको छ। यस प्रदेशको समग्र भाषिक तथ्याङ्कमा जम्मा ०.१८% व्यक्तिले मातृभाषाका रूपमा यसको प्रयोग गरेका आधारमा यो भाषा पनि अल्पसङ्ख्यक भाषाभित्रै रहेको स्पष्ट हुन्छ। कोशी प्रदेशको ताप्लेजुङ र इलामबाहेकका जिल्लामा यो भाषाको प्रयोग भएको पाइन्छ। सोलुखुम्बु, खोटाङ र भोजपुर जिल्लामा यो भाषा बोल्नेहरूको सङ्ख्या सबैभन्दा बढी देखिन्छ। सोलुखुम्बु जिल्लाका पावै, बुङ, गुदेल, लोखिमका केही भूभाग तथा खोटाङ जिल्लाका रावा खोला आसपास,

वाकाचोल, राखावाङ्देल, धारापानी आदि क्षेत्रमा प्रयोगमा रहेको देखिन्छ। यस भाषाका विकासका लागि पनि अन्य राई समूहका भाषामा जस्तै खासै विकास भएको देखिँदैन।

**दुमी** : दुमी दुमी राई समुदायको मातृभाषा हो। खोटाङ दुमी मातृभाषीहरूको मुख्य क्षेत्र हो। सुनसरीमा पनि दुमी मातृभाषीहरूको सङ्ख्या उल्लेख्य रहेको पाइन्छ। २०७८ को जनगणनाअनुसार नेपालमा दुमी मातृभाषीको सङ्ख्या ८६३८ (०.०३%) रहेको देखिन्छ भने कोशी प्रदेशमा जम्मा ७५३२ अर्थात् ०.१५% व्यक्तिले मातृभाषाका रूपमा दुमी भाषाको प्रयोग गरेको देखिन्छ। समग्र दुमी भाषाको तथ्याङ्कमा यो प्रदेशमा मात्र ८७.१९% व्यक्तिले दुमी भाषाको प्रयोग गरेको देखिन्छ। खोटाङमा मात्र यो भाषा बोल्नेहरूको सङ्ख्या ४७४५ रहेका आधारमा यो भाषाको खोटाङ थातथलो भएको पुष्टि हुन्छ। खोटाङ जिल्लाको उत्तरी भेगमा पर्ने खार्मी, जाल्पा, बाक्सिला, सप्तेश्वर, माक्पा गा.वि.स. यो भाषा बढी मात्रामा बोलिएको पाइन्छ। दुमी भाषा तथा संस्कृतिको विकासका लागि केही संस्थाहरूको स्थापना हुनाका साथै यस भाषाका बारेमा साहित्य तथा व्याकरण लेख्नाका साथै विद्यावारिधि तहमा शोधसमेत भएको पाइन्छ।

**मेवाहाङ** : मेवाहाङ मेवाहाङ राई समुदायको मातृभाषा हो। यो भाषाको मूल थलो पनि यही कोशी प्रदेश नै हो। कोशी प्रदेशका सङ्खुवासभा, भोजपुर, इलाम, झापा, मोरङ, सुनसरी र उदयपुरमा मेवाहाङ भाषाको विस्तार रहेको पाइए पनि सङ्खुवासभा जिल्लामा यो भाषा सबैभन्दा बढी ३०५२ जनाले प्रयोग गरेको पाइन्छ। समग्र नेपालमा मेवाहाङ मातृभाषहरूको सङ्ख्या ७४२८ (०.०३%) रहेकामा कोशी प्रदेशमा ७१९ (०१.१४%) जनाले मातृभाषाका रूपमा यस भाषाको प्रयोग गरेको देखिन्छ। सङ्खुवासभा जिल्लाका ताम्कु, वालासिसुवा, याम्फू र माङ्तेवा आदि क्षेत्रमा यो भाषा बढी मात्रामा बोलिन्छ। यस भाषाको विकासमा सम्बन्धमा केही अध्ययन अनुसन्धानहरू भए तापनि ती कार्यहरू पर्याप्त देखिंदैनन्। साहित्य, सञ्चार, व्याकरण आदिका दृष्टिले प्रारम्भिक अवस्थामै रहेको यो भाषा बोलचालमा नै सीमित रहेको देखिन्छ।

**पुमा** : पुमा पुमा राई समुदायको मातृभाषा हो। वि.सं. २०७८ को भाषिक तथ्याङ्कमा नेपालमा पुमाभाषी वक्ताहरूको सङ्ख्या ६७६३ (०.०२%) मातृभाषीको सङख्या रहेकामा कोशी प्रदेशमा ६५५४ (०.१३%) व्यक्तिले मातृभाषाका रूपमा पुमा भाषाको प्रयोग गरेको देखिन्छ। यो भाषा कोशी प्रदेशका खोटाङ, भोजपुर, झापा, मोरङ, सुनसरी र उदयपुरमा मातृभाषाका रूपमा प्रयोग गरिएको पाइन्छ। यसको मूल क्षेत्रचाहिँ खोटाङ र उदयपुर जिल्ला रहेको देखिन्छ। यस भाषिक समुदायका वक्ताहरू खोटाङ जिल्लाका दिप्लुङ, मौवाबोटे, देवीस्थान, चिसापानी, पौवासेरा, साउनेचौर, सुन्तले र फाक्टाङ तथा उदयपुर जिल्लाका सिद्धिपुर,

चौदण्डी, बसाहा, बेल्टार आदि क्षेत्रमा बसोबास गर्दछन् । सिर्जनात्मक साहित्य, शब्दकोश तथा व्याकरणलेखनका क्षेत्रमा केही काम भए पनि यो भाषासमेत अल्पसङ्ख्यकको भाषाका रूपमा रहेको छ ।

**आठपहरिया** : आठपहरिया आठपहरिया राई समुदायको मातृभाषा हो । यो भाषाको मूल क्षेत्र धनकुटा नगरपालिका हो । यस भाषालाई आठपरिया, आठपरे, आथाप्रे, आठप्रे आदि नामबाट सम्बोधन गरिएको भए पनि यसका वक्ताहरूचाहिँ आफूलाई आठपहरिया भनेर चिनाउन चाहन्छन् । वि.सं. २०७८ को तथ्याङ्कअनुसार नेपालमा आठपहरिया भाषा बोल्ने वक्ताहरूको सङ्ख्या ५५८० (०.०२%) रहेकामा कोशी प्रदेशमा यो भाषा बोल्ने व्यक्तिहरूको सङ्ख्या ५४३४ (०.१०%) रहेको छ । यो भाषाका वक्ताहरू सङ्खुवासभा, धनकुटा, झापा, मोरङ, सुनसरी र उदयपुरमा विस्तारित रहेकामा धनकुटामा मात्र ५११९ जनाले मातृभाषाका रूपमा यस भाषाको प्रयोग गरेको देखिन्छ । यस भाषामा साहित्य तथा अन्य केही अनुसन्धानात्मक पुस्तकहरूका साथै शब्दकोश तथा प्राथमिक तहको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण भएका देखिन्छन् ।

**दुङमाली** : भोजपुरको दुङ्माका आधारमा नामकरण भएको दुङ्गाली भाषाको मूल क्षेत्र भोजपुर जिल्ला नै हो । वि.सं २०७८ को जनगणनाअनुसार नेपालमा यो भाषा बोल्नेको सङ्ख्या ५४०३ (०.०२%) रहेकामा यस प्रदेशमा जम्मा ५२७९ (०.१०%) वक्ताले मातृभाषाका रूपमा प्रयोग गरेको पाइन्छ । कोशी प्रदेशका भोजपुर, धनकुटा, पाँचथर, इलाम, झापा, मोरङ र सुनसरीमा विस्तारित रहेको यो भाषा भोजपुरमा मात्र ४२४९ वक्ताले मातृभाषाका रूपमा प्रयोग गरेको पाइन्छ । भोजपुरका ठुलो दुङ्मा र सानो दुङ्मा, बास्तिम, च्याङ्ग्रे, तिवारीभञ्ज्याङ, याकु, चरम्बी, जरायोटार लगायतका क्षेत्रमा बढी मात्रामा यो भाषा बोलचालमा रहेको पाइन्छ । यसलाई कतिपयले बान्तावाको भाषिका मान्न सकिने अनुमान गरे पनि यसका बारेमा विस्तृत अध्ययन हुन बाँकी नै रहेको देखिन्छ ।

**कोयी** : कोयी कोयी राई समुदायको मातृभाषा हो । यो भाषाको मूल क्षेत्र खोटाङ जिल्ला हो । २०७८ को जनगणनाअनुसार नेपालमा यो भाषा बोल्नेहरूको सङ्ख्या ४१५२ (०.०१) रहेकामा कोशी प्रदेशमा कोयी भाषा बोल्नेको सङ्ख्या ४००४ (०.०८%) रहेको देखिन्छ । यो भाषा ताप्लेजुङ, सोलुखुम्बु, ओदलढुङ्गा र तेह्रथुम बाहेकका कोशी प्रदेशका अन्य जिल्लाका विस्तारित भए पनि खोटाङमा मात्र २२२२ वक्ताले मातृभाषाका रूपमा प्रयोग गरेका छन् । यो भाषा पनि बोलचालमा सीमित हुनाका साथै लोपोन्मुख अवस्थामा नै रहेको देखिन्छ ।

**लोहोरुङ** : लोहोरुङ लोहोरुङ राई समुदायको मातृभाषा हो । यो भाषाको मूल क्षेत्र सङ्खुवासभा जिल्ला हो । सङ्खुवासभा जिल्लाका दिदिङ, आङला, पाङमा, हेलुवा, धुपु आदि क्षेत्रमा यो भाषा बोलिन्छ ।

वि.सं. २०७८ को तथ्याङ्कअनुसार नेपालमा लोहोरुङ भाषा बोल्नेहरूको सङ्ख्या ३८८४ (०.०१%) रहेको छ। कोशी प्रदेशमा ३६२१(०.०७%) वक्ताले मातृभाषाका रूपमा यस भाषाको प्रयोग गरेको पाइन्छ। सङ्खुवासभा जिल्लामा मात्र यो भाषा बोल्नेको सङ्ख्या २५९४ रहेको देखिन्छ। यस भाषामा व्याकरण लेखन, शब्दकोश सम्पादन र पत्रपत्रिका प्रकाशनका क्षेत्रमा केही प्रयास भए पनि भाषा विकासका लागि यस भाषामा त्यति महत्त्वपूर्ण कामहरू हुन सकेका देखिँदैनन्।

**जेरो/जेरुङ** : जेरुङ राई समुदायले बोल्ने भाषालाई जेरुङ भाषा भनिन्छ। यसलाई जेरो भाषा पनि भनिएको पाइन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा यो भाषा बोल्नेहरूको सङ्ख्या २८१७ (०.०१%) रहेको छ भने कोशी प्रदेशमा २५५१(०.०५१%) ले मातृभाषाका रूपमा यो भाषाको प्रयोग गरेको पाइन्छ। यो भाषा कोशी प्रदेशका सङ्खुवासभा, ओखलढुङ्गा, सुनसरी र उदयपुरमा विस्तारित रहे पनि ओखलढुङ्गा यस भाषाको खास क्षेत्र हो। ओखलढुङ्गामा मात्र यो भाषा बोल्नेहरूको सङ्ख्या २४२७ रहेको छ। ओखलढुङ्गा जिल्लाका सिस्नेरी, डाँडाजेरुङ, गैरीजेरुङ, वलखु, माधवपुर, हिलेपानी नै यस भाषाको खास भाषिक क्षेत्र हो। कथ्य स्वरूपमा सीमित यो भाषा लोपोन्मुख अवस्थामा नै रहेको पाइन्छ।

**छिन्ताङ** : धनकुटा जिल्लाको छिन्ताङमा प्रचलनमा रहेको छिन्ताङे राई समुदायको भाषालाई छिन्ताङ भाषा भनिन्छ। यो भाषाको मूल क्षेत्र नै धनकुटा जिल्लाको छिन्ताङ र खोकु क्षेत्र हो। सिङ्गो नेपालमा २५६४ (०.०१%) वक्ता रहेको यो भाषा यो प्रदेशमा २५१२ (०.०५%) वक्ताले मातृभाषाका रूपमा प्रयोग गर्दछन्। यो भाषा कोशी प्रदेशका धनकुटा (२४३०), मोरङ (३९) र सुनसरी (४९) तीन जिल्लामा मात्र विस्तारित रहेको छ। यो भाषा पनि बोलचालमा मात्रै सीमित रहेको हुनाले राम्ररी विकास हुन सकेको छैन।

**तिलुङ** : तिलुङ तिलुङ राई समुदायको मातृभाषा हो। यसै प्रदेशमा सीमित रहेको यो भाषाको मुख्य क्षेत्र खोटाङ जिल्ला हो। खोटाङ जिल्लाका दुर्छिम, च्यास्मिटार, डिकुवा, थानगाउँ, आँपटार, राईघाटलगायतका क्षेत्रलाई यो भाषा बालिन्छ। जनगणना २०७८को तथ्याङ्कअनुसार नेपालमा यो भाषा बोल्नेहरूको सङ्ख्या १९६९ (०.०१%) रहेकामा कोशी प्रदेशमा १७३२ (०.०३%) व्यक्तिले मातृभाषाका रूपमा यस भाषाको प्रयोग गरेको पाइन्छ। यस प्रदेशका  खोटाङ, मोरङ, सुनसरी र उदयपुरमा विस्तारित रहेको यो भाषा खोटाङमा मात्र १३६६ जनाले मातृभाषाका रूपमा प्रयोग गरेको देखिन्छ। बोलीचालीमा सीमित रहेको यो भाषा  लोपोन्मुख अवस्थामा पुगेको छ।

**छिलिङ** : छिलिङ छलङ राई समुदायको मातृभाषा हो। यो भाषाको मूल क्षेत्र धनकुटा जिल्लाको खोकु, आँखीसल्ला, चुङमाङलगायतका क्षेत्र हो। जनगणना २०७८ अनुसार नेपालमा यो भाषा बोल्नेहरूको सङ्ख्या

२०११ (०.०१%) रहेको छ भने यो प्रदेशमा यस भाषाका मातृभाषीहरू १६०४(०.०३%) रहेका छन् । धनकुटा, मोरङ र सुनसरीमा मात्र विस्तारित रहेको यो भाषा धनकुटामा मात्र १३९६ जना व्यक्तिले मातृभाषाका रूपमा प्रयोग गर्दछन् । बोलचालमा सीमित रहेको यो भाषा पनि लोपोन्मुख अवस्थामा रहेको छ ।

**लुङखिम** : लुङखिम लिङखिम वा लुमखिम राई भाषिक समुदायले बोल्ने लापोन्मुख अवस्थामा रहेको मातृभाषा हो । वि.सं. २०७८ को भाषिक तथ्याङ्कअनुसार नेपालमा ७०२ जनाले र कोशी प्रदेशमा ६८१ (०.०१%) मातृभाषाका रूपमा यस भाषाको प्रयोग गरेको पाइन्छ । यस प्रदेशका खोटाङ (१९६जना),भोजपुर (४५ जना), इलाम (४०७ जना), झापा (२०) जना र उदयपुर (१३ जना) जिल्लामा केही सीमित व्यक्तिले बोल्ने गरेको यो भाषाको मुख्य क्षेत्र इलामको सूर्योदय नगरपालिका हो । लिङखिमहरूको भाषा संस्कृति संरक्षण र संवर्धन गर्ने उद्देश्यले इलाम जिल्लाको सूर्योदय नगरपालिका 'लुङखिम राई समाज नेपाल' संस्थाको गठन गरिएको छ । यो भाषा पनि सङ्कटापन्न अवस्थामै रहेको देखिन्छ ।

**मुगाली** : धनकुटा जिल्लाको पाख्रीवास नगरपालिकाको मुगाका राई समुदायले बोल्ने भाषा मुगाली भाषा हो । यो भाषा पनि अन्यन्तै सङ्कटापन्न अवस्थामा रहेको छ । जनगणना २०७८ का अनुसार नेपालमा मुगाली भाषा बोल्नेको सङ्ख्या २८३४ (०.०१) जनार कोशी प्रदेशमा जम्मा ५९८ (०.०१) जना रहेको देखिन्छ । आफ्नो क्षेत्रमै हदै सीमित हुनु आफैँमा अनौठो लाग्छ । यो भाषा पनि प्रायः बोलचालमा नै सीमित रहेको देखिन्छ ।

**वालिङ/वालुङ** : वालिङ वा वालुङ अल्पसङ्ख्यक तथा लोपोन्मुख अवस्थामा पुगेको भाषा हो । सिङ्गो नेपालमा ५४५ वक्ता रहेको यो भाषा कोशी प्रदेशमा २८० जनाले मातृभाषाका रूपमा प्रयोग गरेको देखिन्छ । यो भाषा कोशी प्रदेशका ताप्लेजुङ, खोटाङ, तेह्रथुम, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी र उदयपुर जिल्लामा विस्तारित रहेको देखिन्छ । वालिङलाई बान्तावाको पाछा मानिएका आधारमा यो बान्तावाको भाषिका हुने सम्भावना बढी छ ।

**फाङ्दुवाली** : धनकुटा जिल्लाको पाख्रिबास नगरपालिकाको फाङदुवामा रहेका फाङदुवाली राई भाषिक समुदायले बोल्ने भाषा फाङदुवाली भाषा हो । सीमित क्षेत्रमा बोलिने भएकाले र यसको संरक्षण र विकासमा सचेत प्रयास पनि नदेखिएकाले यसको अवस्था निकै कमजोर रहेको छ । जनगणना २०७८का अनुसार समग्र नेपालमा यो भाषा बोल्नेको सङ्ख्या २४७ र कोशी प्रदेशमा यो भाषाका वक्ताहरू २२८ जना रहेको छन् ।

**बेलहारे** : धनकुटा जिल्लाको बेलहराका राई समुदायले बोल्ने भाषा बेलहारे भाषा हो । यसलाई बेलहरिया भाषा पनि भनिएको पाइन्छ । आठपहरिया भाषामा विद्यावारिधि गरेका प्रा.डा. टङ्कप्रसाद न्यौपानेले यसलाई छुट्टै भाषा नमानी आठपहरिया भाषाकै भाषिका मानेका छन् । २०७८ को तथ्याङ्कमा समग्र नेपालमा यो

भाषा बोल्नेहरूको सङ्ख्या १७७ र कोशी प्रदेशमा १४२ जना रहेको पाइन्छ। यो भाषा पनि निकै सङ्कटमा रहेको देखिन्छ।

**साम** : बुङलावा राई भाषिक समुदायले बोल्ने भाषालाई साम भाषा भनिन्छ। यसलाई बुङलावा भाषा पनि भनिएको पाइन्छ। वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा १०६ जनाले र कोशी प्रदेशमा ९४ जना व्यक्तिले मातृभाषाका रूपमा यस भाषाको प्रयोग गरेको पाइन्छ। यो प्रदेशका खोटाङ (१०जना), भोजपुर (१५ जना), इलाम (४५ जना) र मोरङ (२४ जना) जिल्लामा मात्र यस भाषाको प्रयोग भएको देखिन्छ। शिक्षा, सञ्चार, साहित्यलगायत सबै क्षेत्रमा यो भाषा पछाडि पर्नाका साथै सीमित वक्ता रहेकाले यो भाषा पनि लोपोन्मुख अवस्थामा नै देखिन्छ।

**हायु/वायु** : हायु वा वायु नामकरण गरिएको यो भाषा पनि राई समुदायकै लोपोन्मुख भाषा हो। वि. सं. २०६८ को भाषिक तथ्याङ्कअनुसार यो भाषा बोल्नेको सङ्ख्या १५२० थियो भने अहिले त्यसमा पनि घटेर ११३३ जनामा सीमित हुन पुगेको छ। कोशी प्रदेशमा यो भाषा बोल्ने वक्ताको सङ्ख्या जम्मा ५२ जना मात्र देखिन्छ। यो प्रदेशमा भोजपुरमा १७ र उदयपुरमा ३७ जनाले मातृभाषाका रूपमा हायु भाषाको प्रयोग गरेको देखिन्छ।

**आग्नेली परिवारका भाषाहरू**

नेपालमा २०७८ को जनगणनाअनुसार आग्नेली परिवारका सन्थाली, खरिया र मुन्डा/मुदियारी गरी तीनवटा भाषा बोलिन्छन्। २०४८ का जनगणना विवरणमा आग्नेली परिवारअन्तर्गत सतार भाषालाई राखिएको थियो भने २०५८ मा सतार र सन्थाल दुइटा भाषालाई र २०६८ मा सन्थाली र खारिया दुइटा भाषालाई समावेश गरिएको देखिन्छ भने अहिले यसअन्तर्गत मुन्डा वा मुदियारी भाषालाई पनि सूचीकरण गरिएको पाइन्छ। सिङ्गो नेपाल तथा कोशी प्रदेशमा यी भाषा बोल्नेको अवस्था निम्नअनुसार देखिन्छ :

**तालिका नं.३**

*कोशी प्रदेशमा आग्नेली परिवारका भाषाहरू*

| क्रम | भाषा | नेपाल | प्रतिशत | कोशी प्रदेश | प्रतिशत | कोशी प्रदेशमा बोलिने क्षेत्र |
|---|---|---|---|---|---|---|
| १ | सन्थाली | ५३,६७७ | ०.१८ | ५३४२५ | १.०७ | इलाम,झापा,मोरङ र सुनसरी |
| २ | खरिया | १३२ | ० | १३१ | ०.०० | झापा र मोरङ |
| ३ | मुन्डा/मुदियारी | २,१०७ | ०.०१ | २०९५ | ०.०४ | झापा,मोरङ र सुनसरी |

स्रोत : जनगणना २०७८ अनुसार स्वनिर्मित तालिका

सन्थाली सतार जातिले बोल्ने भाषा हो । यो भाषा विशेष भारत, बङ्गलादेश, भुटान र नेपालमा बोलिन्छ । नेपालमा यो भाषा विशेष गरी झापा, मोरङ, सुनसरी जिल्लाका सतारहरूले मातृभाषाका रूपमा बोल्ने गरेका छन् । यस भाषामा सीमित काम मात्र भए पनि कथ्य रूपमा चाहिँ यो भाषा जीवन्त नै रहेको छ । खरिया र मुन्डा वा मुदियारी पनि आग्नेली परिवारका विशिष्ट भाषा हुन् । नेपालमा यी भाषाहरू पनि कथ्य रूपमा नै जीवित हुनाका साथै सीमित सङ्ख्यामा बोलचालमा प्रयोग भएका देखिन्छन् ।

**द्रबिड परिवारका भाषाहरू**

नेपालमा द्रबिड परिवारका उरावँ र किसान दुइटा भाषा बोलचालमा रहेका छन् । जनगणना २०७८ अनुसार  सिङ्गो नेपाल  र कोशी प्रदेशमा यी दुइटा भाषाको अवस्था निम्नअनुसार रहेको छ

**तालिका नं.४**

*कोशी प्रदेशमा द्रबिड  परिवारका भाषाहरू*

| क्रम | भाषा | नेपाल | प्रतिशत | कोशी प्रदेश | प्रतिशत | कोशी प्रदेशमा बोलिने क्षेत्र |
|---|---|---|---|---|---|---|
| १ | उराँव/उराउ | ३८,८७३ | ०.१३ | ३३२७६ | ०.६७ | इलाम, झापा, मोरङ, सुनसरी र उदयपुर |
| २ | किसान | १,००४ | ० | ९९२ | ०.०२ | झापा |

स्रोत : जनगणना २०७८ अनुसार स्वनिर्मित तालिका

नेपालमा उरावँ वा उराउलाई झाँगड वा धाँगड जातिका रूपमा चिनिने गरेको छ । यिनीहरू आफूलाई उराँव वा कुडुख भनेर चिनाउने गरेको पाइन्छ । उराउहरू इलाम, झापा, मोरङ, सुनसरी, सप्तरी, उदयपुर, सिरहा, महोत्तरी, धनुषा, रौतहट, बारा, पर्सा, ललितपुर, काठमाडौं, कपिलवस्तु, महेन्द्रनगर र कञ्चनपुर जिल्लामा रहेका छन् । झापा जिल्लाको दमक, मेचीनगर, केचना, टांगनडुब्बालगायतका स्थानमा यस भाषाको प्रयोग हुने गरेको छ । केही मात्रामा विकसित अवस्थामा रहेको उराउ भाषा कक्षा १ र २ मा सुनसरी जिल्लाको शारदा प्राथमिक विद्यालय तनमुनामा पढाइने गरेको पाइन्छ भने उराँव जातिसँग सम्बन्धित केही पुस्तक पनि प्रकाशित भएका देखिन्छन् ।

किसान नेपालका अल्पसङ्ख्यक जातिमा पर्दछ । यस जातिको बसोवास मेचीनगर नगरपालिकामा मात्र देखिन्छ । किसानहरूले मातृभाषाका रूपमा किसान भाषाको प्रयोग गर्दछन् । ‘किसान भाषा’ किसान समुदायबाहेक झापा जिल्लाका अन्य मुण्डा, खडिया, उराँव, रौतिया, कुवँर, मालपाहाडे, ग्वाल, करुवाले पनि सम्पर्क भाषाको रूपमा बोल्दछन् । भाषाविद् मार्क टुरिन र डा वले द्रविड परिवारअन्तर्गत राखेको योगेन्द्रप्रसाद

यादव किसान भाषालाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान जावलाखेल, ललितपुर र त्रिभुवन विश्वविद्यालय भाषा विज्ञान केन्द्रीय विभागले भारोपेली परिवारअन्तर्गत राखेको चर्चा पाइन्छ।

**कोशी प्रदेशका भाषाहरूको जीवन्तता र लोपोन्मुखताको अवस्था**

जनगणना २०७८ को तथ्याङ्कले कोशी प्रदेशमा भारोपेली परिवारका जम्मा ३८ वटा भाषाहरू मातृभाषाका रूपमा प्रयोग भइरहेको देखाएको छ। यी भाषाहरूमध्ये यस प्रदेशमा नेपाली मैथिली, थारू, राजवंशी र उर्दू भाषा बोल्नेको सङ्ख्या १ लाखभन्दा माथि रहेकाले यी भाषाहरू यस प्रदेशमा जीवन्त देखिएका छन्। यिनीहरूमध्ये नेपाली  ताप्लेजुङ र पाँचथर बाहेकका जिल्लामा प्रथम स्थानमा रहनाका साथै यो प्रदेशको सरकारी कामकाजको भाषाका साथै आपसी सम्पर्कको भाषाका रूपमा रहेको छ। कोशी प्रदेश झन्डै झन्डै नेपाली भाषाको मानक व्याकरणको क्षेत्र पनि हो। किनकि पुर्बेली भेदले नै नेपालीको मानक स्वरूपको प्रतिनिधित्व गर्दछ। यस तात्पर्यमा कोशी प्रदेशमा नेपाली भाषाको अवस्था निकै मजबुत देखिन्छ।

नेपाली पछिको मैथिली यो प्रदेशमा भन्दा बढी मधेस प्रदेशको भाषा हो। यो प्रदेशमा उल्लेख्य उपस्थिति रहेको यस भाषालाई भाषाआयोगले समेत नेपालीसँगै सरकारी कामकाजको भाषाका रूपमा सिफारिस गरेको छ। यस प्रदेशका तराई भेगमा यसको राम्रो प्रभाव देखिन्छ। थारू वक्तासङ्ख्या बढी भईकन पनि समुन्नत वाङ्मय नभएको भाषा हो। बोलचालमा केन्द्रित यस भाषाको विकासमा सचेत प्रयास हुनु जरुरी छ भने उर्दू भाषा बोलचालमै केन्द्रित भए पनि पाकिस्तान र भारतमा यसको प्रभुत्व राम्रो देखिएकाले यस भाषाका बारेमा त्यति चिन्ता लिइरहनुपर्ने देखिँदैन।

कोशी प्रदेशमा भारोपेली परिवारका १६ वटा भाषामा ३६००० देखि १००० सम्म वक्ता रहेका छन्। यी भाषाहरूको तथ्याङ्कलाई माथिको तालिका नं. ४ मा हेर्न सकिन्छ। यी भाषाहरू यस प्रदेशमा कमजोर अवस्थामै रहेका मानिन्छन्। यस प्रदेशमा बोलिने अन्य १५ वटा भाषाहरूको जनसङ्ख्या तथा प्रकार्यगत अवस्था निकै कमजोर रहेको देखिन्छ। यी भाषाहरूलाई माथिको तालिका नं. ७ मा प्रस्तुत गरिएको छ। यो तथ्याङ्कलाई हेर्दा यसमा नेपाली भाषाका भाषिका मानिएका खस, डोटेली, बैतडेली, दार्चुलेली र जुम्ली भाषाहरू र अरू भाषाहरूको  खास प्रयोग क्षेत्र यो होइन। यो प्रदेशमा भन्दा अरू प्रदेश नै यी भाषाको प्रयोग क्षेत्र भएकाले सम्बन्धित क्षेत्रबाटै यी भाषाका विकासमा सचेतता देखाउनु सान्दर्भिक हुन्छ। यस प्रदेशमा भने यी भाषाको अवस्था अति नै कमजोर देखिन्छ।

कोशी प्रदेशका केही भाषाबाहेक धेरै भाषाहरू बोलचालमा सीमित छन्। यिनीहरूको वाङ्मयिक र प्रकार्यगत स्वरूप कमजोर छ। यस अवस्थामा यी भाषाहरू सङ्कटापन्न अवस्थामा रहेका देखिन्छन्। भाषाका

विविध अवस्थालाई भाषाशास्त्रीहरूले अत्यन्तै गम्भीर रूपमा हेरेका छन् । यस सन्दर्भमा योगेन्द्र यादव (२०७४) को नेपालका अधिकांश भाषाहरू अभिलेखीकृत नभएका र सीमान्तीकृत भएकाले लोप हुने स्थितिमा पुगेका छन् (पृ. ३३३) भन्ने टिप्पणी अत्यन्तै मननीय देखिन्छ । अमृत योञ्जन–तामाङले क्राउसको वर्गीकरणलाई आधार मान्दै १० लाखभन्दा बढी वक्ता भएका भाषालाई सुरक्षित भाषा, १ लाखदेखि १० लाखसम्म वक्ता भएका भाषालाई सुरक्षितप्रायः १० हजारदेखि १ लाखसम्मकालाई लोपोन्मुख, १ हजारदेखि १० हजारसम्मका लाई अत्यन्त लोपोन्मुख तथा १ हजारभन्दा कम वक्ता भएका भाषालाई मृतप्राय: भाषाका रूपमा वर्गीकरण गरेका छन् (योञ्जन तामाङ, सन २००६, पृ. ३०) । यस आधारमा हेर्दा यस प्रदेशमा बोलिने भारोपेली परिवारका एउटा नेपाली सुरक्षित रहेको छ भने ४ वटा सुरक्षितप्राय:, ९ वटा लोपोन्मुख, ७ वटा अत्यन्त लोपोन्मुख र १५ वटा मृतप्राय: देखिन्छन् । यी भाषाको संरक्षण र विकासका लागि सरकारी तहबाटै प्रदेश सरकारले जिम्मेवार हुनु अनिवार्य देखिन्छ ।

कोशी प्रदेशमा चिनिया तिब्बती वा भोटबर्मेली परिवारका जम्मा ५६ वटा भाषाहरू  बोलिन्छन् । यति सानो भूगोलमा यति धेरै भाषा बोलिनु गौरवको कुरा हो । अर्को गौरवको कुरा के छ भने यस क्षेत्रमा बोलिने भोटबर्मेली परिवारका प्राय: धेरै भाषाहरूको मुख्य क्षेत्र पनि यही हो । यसरी हेर्दा कोशी प्रदेश भोटबर्मेली परिवारका भाषाहरूको उद्गम क्षेत्रका रूपमा देखापर्दछ । यस किसिमका गुणात्मक पक्ष रहँदारहँदै पनि यी भाषाहरूको संरक्षण र विकास कसरी गर्ने भन्ने ठुलो चुनौती यहाँको प्रदेश सरकार, स्थानीय सरकार, जातीय तथा भाषिक संघसंस्था तथा स्वयम् मातृभाषी र भाषालाई माया गर्ने भाषासेवकमा विद्यमान रहेको देखिन्छ ।

कोशी प्रदेशमा बोलिने भोटबर्मेली परिवारका ५६ वटा भाषाहरूमध्ये केवल याक्थुङ (३,३२,५१२ जना), तामाङ (१,७५,४४५ जना), मगर ढुट (१,४३,११७ जना) र बान्तावा (१,३३,७४५) ४ वटा भाषाहरूमा मात्र १ लाखभन्दा बढी वक्ताहरू रहेका देखिन्छन् । यो तथ्याङ्कले यी भाषाहरू मात्र सुरक्षित रहेको पुष्टि गर्दछ । यस प्रदेशमा बोलिने भोटबर्मेली परिवारका राई (९१,७४६), चाम्लिङ (८२,६४०), शेर्पा (६५,३९९), नेवारी (६२,७४१), कुलुङ (३६,३६८), गुरुङ (२७,३९०), थुलुङ (२२,४०९), साम्पाङ (२०,६८६), धिमाल (२०,००६), खालिङ (१५,३२६), बाहिङ (१३,२१८), वाम्बुले (१३,२०१) र याम्फे (१०,४४८) १२ वटा भाषाका वक्ताहरू १० हजारदेखि ९० हजारका बिचमा रहेका छन् । भाषाको जीवन्तता र लोपोन्मुखताको सिद्धान्तले १० हजारदेखि १ लाखसम्म वक्ता हुने भाषालाई लोपोन्मुख भाषा मान्दछ (योञ्जन¬तामाङ, सन् २००६, पृ.३१) । यस दृष्टिले हेर्दा यी भाषाको अवस्था पनि त्यति सहज देखिँदैन । तथ्याङ्कमा रहेको राई जातीय समूह हो भाषा होइन । यसअन्तर्गत या त तथ्याङ्क मिसिएको छ या त राई समूहका  विभिन्न व्यक्तिहरू जो

आफ्नो मातृभाषा जान्दैनन् तिनीहरूले आफूले राई थर लेखेका आधारमा राई भाषा भनेका हुन सक्छन् । मातृभाषी भईकन पनि राई लेखाउनेचाहिँ सम्भवतः थोरै नै हुनुपर्छ । यसभित्रको नेवारी भाषा प्राय: सुरक्षित देखिन्छ । यसको कारण के हो भने यो प्रदेशमा मात्र नेवारी कमजोर छ तर यसको काठमाडौँ लगायतका आधारभूत इलाकामा अहिले पनि यो भाषा सशक्त नै देखिन्छ । अन्य शेर्पा तथा राई समूहका भाषाहरू निश्चित भूगोलमा निश्चित उमेरका व्यक्तिले मात्र बोल्ने भएकाले यी भाषाहरू क्रमशः कमजोर भइरहेका देखिन्छन् ।

कोशी प्रदेशमा बोलिने भोटबर्मेली परिवारका नाछिरिङ (९३०२), दुमी (७५३२), मेवाहाङ (७१९५), भुजेल (७११३), पुमा (६५५४), आठपहरिया (५४३४), दुङ्माली (५२७९), भोटे (४५९७), मेचे (४१४३), कोयी (४००४), लोहोरुङ (३६२१), जेरो (२५५१), छिन्ताङ (२५१८), लाप्चा (२११८), तिलुङ (१७३२), छिलिङ (१६०४) र घले (१४१८) गरी १७ वटा भाषामा वक्ता १ हजारदेखि १० हजारसम्म मात्र वक्ता रहेका छन् । यस्ता भाषाहरूलाई अत्यन्त लोपोन्मुख भाषा भनिन्छ (योञ्जन–तामाङ,२००६, पृ. ३०) । यी भाषाहरूमध्ये अधिकांश भाषाहरूको मूल क्षेत्र यही प्रदेशको सम्बन्धित क्षेत्र हो । त्यस क्षेत्रका मातृभाषीहरूमा पनि सबै लिङग, पेसा र उमेरका वक्ताले आफ्नो भाषा प्रयोग गरेको देखिँदैन । यस तात्पर्यमा यी भाषाहरू त झन् कमजोर देखिएका छन् ।

कोशी प्रदेशमा भोटबर्मेली परिवारका २० वटा भाषाहरूको अवस्था अत्यन्तै कमजोर देखिन्छ । यी भाषाहरूमा राई समूहका लुङ्खिम (६८१), मुगाली (५९८), वालिङ (२६०), फाङ्दुवाली (२२८), बेल्हारे (१४२), साम (९४), हायु (५२) र यस समूहबाहेकका ह्योल्मो (७६८), तिब्बती (१८०), मगर खाम (१५२) , मनाङे (१४७), ल्होमी (१२४), मगर कैके (४०), दुरा (३७), राजी (२८), ब्याँसी (२८), कागते (२५), जिरेल (१०) र छन्त्याल (१०) पर्दछन् । यो तथ्याङ्कमा रहेका राई समूहका भाषाहरूको आधार इलाका यही भूगोल हो । आधार इलाकामा नै यति सीमित सङ्ख्यामा वक्ता हुनु उक्त भाषा अवशेषमा मात्र छ कि भन्ने प्रमाण जस्तो लाग्छ । तथ्याङ्कमा रहेका अन्य भाषाहरूको आधारइलाका अन्यत्रै रहेकाले यस प्रदेशमा यिनीहरू कम बोलिएका हुनसक्छन् ।

कोशी प्रदेशमा बोलिने चिनिया तिब्बती परिवारका भाषाहरूको संरक्षण र विकासका लागि संघ, प्रदेश, स्थानीय सरकार, भाषा आयोग, त्रिभुवन विश्वविद्यालय भाषाविज्ञान विभागलगायतका निकायले केही मात्रामा योगदान गरेकै देखिन्छ । उदाहरणका लागि धनकुटा क्षेत्रीय प्रशारणबाट २०५२ सालदेखि नै बान्तावा भाषामा समचार तथा कार्यक्रम प्रसारण भइरहेको छ तथा याक्थुङ, बान्तावा, चाम्लिङ, शेर्पालगायतका भाषामा पाठ्यसामग्री, शब्दकोश, व्याकरणहरू लेखिएका छन् । भाषा आयोगले लोपोन्मुख भाषाको अभिलेखनका सन्दर्भमा खोटाङमा पुमा भाषाको पाठ सङ्कलन, सङ्खुवासभामा मेवाहाङ भाषाको इतिहास लेखन, दोलखामा

सुनुवार भाषाको शब्दकोश लेखन, पाल्पा र सर्लाहीमा मगर ढुट र बज्जिकाको व्याकरण निर्माण, दुरा, मेचे तथा थामी भाषाको अवस्था अध्ययन, खोटाङ र इलाममा क्रमशः तिलुङ र लुङ्खिम भाषाको भाषाकक्षा सञ्चालन गर्नाका साथै बहुभाषिक विद्युतीय भाषाकोशमा आठपहरिया (४१५०), साम्पाङ (५१००), सुनुवार (२१०), उराव (३०१), बेलहारे (३१००), मैथिली (२१०), चाम्लिङ (४९३०), कठरियाथारू (३०००), दुरा (२१५२), छन्त्याल (४०३५), डोने (४७४५), तिलुङ (१०८), दरई (३७९५), जुम्ली (८८४५), राउटे (१२३१), बोटे (३५५५), थुलुङ (२१०), लाप्चा (६५५७), बज्जिका (२०३६), लिम्बू (२१०), राजी (२२३१), याक्खा (२५५२), ताजपुरिया (२१०), सुखिम (१९३९), डगौरा थारू (२१०), किसान (१९०१), क्षेतेली (११९५), सन्थाली (५२००), राना थारू (२१०) र सुनुवार (४०००) भाषाका शब्दहरूलाई विद्युतीय प्रविष्टि दिने काम गरेको देखिन्छ (भाषा आयोगको वार्षिक प्रतिवेदन छैटौँ)। यसरी यस परिवारका भाषाहरूका संरक्षणका लागि केही सचेत प्रयास भए पनि अपेक्षित वक्तासङ्ख्या तथा भाषिक प्रकार्यगत सीमितताका कारण कोशी प्रदेशमा भोटबर्मेली परिवारका भाषाहरूको संरक्षणमा ठुलो चुनौती रहेको देखिन्छ।

**निष्कर्ष**

कोशी भाषिक दृष्टिले अत्यन्तै सम्पन्न प्रदेश हो। यो प्रदेशमा नेपालमा बोलिने १२४ भाषाहरूमध्ये १०६ वटा भाषाहरू मातृभाषाका रूपमा बोलचालमा देखिन्छन्। भाषाविद्हरूले दुङ्माली, बेल्हारे, वालुङजस्ता केही भाषाहरूलाई बान्तावा आठपहरियाजस्ता भाषाका भाषिका हुनसक्ने अनुमान गरेका सन्दर्भमा यस्ता भाषालाई छुट्टै सूचीकरण गरिनु र छुट्टै भाषा हुन् भनेर दाबी गरिएका देवानलगायतका भाषालाई समावेश नगर्नुजस्ता कारणले यसमा प्रश्न गर्न सकिने धेरै ठाउँ देखिन्छन्।

कोशी प्रदेश प्राय: सबै किराती र लिम्बू भाषाको मूल थलो हो। यही प्रदेशमा यी भाषालाई जोगाउन नसक्ने हो भने यी भाषाहरू चाँडै नै इतिहास बन्न सक्छन्। अहिले प्राय: मातृभाषाहरूको बजारीकरण हुन नसकेकाले यिनीहरू विस्थापन हुने प्रबल सम्भावना छ। विभाषिक विवाह, हजुरबा हजुरआमा पुस्ताको मात्र प्रयोग, नयाँ पुस्तामा भाषिक सचेतताको अभाव, बसाइँसराइजस्ता कारणले यस प्रदेशका मातृभाषाहरू तथ्याङ्कमा अभिलखित भए पनि व्यवहारमा निकै कमजोर बनसिकेका छन्। त्यसै यी भाषाहरूको संरक्षणमा आधिकारिक निकाय बढी सचेत रहनु आवश्यक देखिन्छ। मातृभाषामा नेपाली अनुवादसहित होडिङ बोर्ड बनाउने, सम्बन्धित स्थानीय सरकारले मातृभाषीबाहेकका अरूलाई पनि उक्त भाषा प्रयोग गर्नका लागि उपयुक्त कार्यक्रम अगाडि ल्याउने, सम्बन्धित भाषाको मूल क्षेत्रमा स्थानीय पाठ्यक्रममा मातृभाषलाई समावेश गर्ने, स्थानीय सरकारले आफ्नो क्षेत्रमा बोलचालमा रहेको मातृभाषाको प्रकार्य विस्तार गर्नेगरी योजना र कार्यक्रम

सञ्चालन गर्ने, भाषावैज्ञानिकहरूको समूहबाट भाषासर्वेक्षण गरी उपयुक्त भाषानीति र भाषायोजना लागु गर्नेजस्ता कार्यमा जिम्मेवार निकायले भूमिका खेल्न सके यहाँका भाषाहरूको संरक्षण र विकास हुन्छ ।

## सन्दर्भसामग्री


अधिकारी, गोविन्द (२०६२), पारिवारिक अध्ययनका आधारमा नेपालका भाषाहरू, *प्राग्ज्योति* (वर्ष १, अङ्क १) पृ. १०९– ११९ ।

उप्रेती, गङ्गा, बन्धु, चूडामणि, पोखरेल, माधवप्रसाद, भट्टराई, तुलसीप्रसाद, उपाध्याय, जगत्प्रसाद, पौडेल, हेमनाथ र निरौला, यज्ञेश्वर (२०७८), *प्रज्ञा बृहत् नेपाली शब्दकोश*, नेपाल प्रज्ञा प्रतिष्ठान ।

केन्द्रीय तथ्याङ्क विभाग (२०७८), *Caste/ Ethnicity Report*. Retrived from https://censusnepal.cbs.gov.np

केवरत,चतुर्भुजलाल दास (२०७६), सूचीकरणबाहिर केवरत भाषा, jhannaya.nayapatrika daily.com, (२०७६ फाल्गुण १०, शनिवार) ।

गुरुङ, रामप्रकाश समथिङ (मि.अप्रा.), जनजातिभित्रको गनगाई संस्कार, *एभरेष्ट टाइम्स,* http://everesttimes.net/archives/1423 ।

गोरखापत्र अनलाइन, २०८० जेठ २२ गते सोमबार पेज २ (जातजाति र मातृभाषा बढे धर्म यथावत्)

गौतम, देवीप्रसाद (२०४९), *नेपाली भाषापरिचय*, साझा प्रकाशन ।

गौतम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद (२०७०), *भाषाविज्ञान* (दो.सं.), पाठ्य सामग्री पसल ।

तुम्बाहाङ, मोहन (२०७६), सुन्दरहरैँचा नगरपालिकाको जातजाति र भाषिक स्थितिको छोटो चर्चा, *विराट वाणी* (वर्ष ४, अङ्क १, पूर्णाङ्क २), पृ. ७६ – १०२ ।

न्यौपाने, टङ्कप्रसाद (२०७४), *किरात भाषाहरू र नेपाली भाषाको व्यतिरेकी अध्ययन*, नेपाल प्रज्ञा प्रतिष्ठान ।

न्यौपाने, टङ्कप्रसाद, (२०७६), भाषिक अवधारणामा प्रदेश एकको स्थिति, *विराट वाणी* (वर्ष ४, अङ्क १, पूर्णाङ्क २), पृ. ६१– ७५ ।

न्यौपाने, दीपकप्रसाद (२०७३), नेपालको भाषिक परिदृश्य, *संज्ञान* (वर्ष १,अङ्क १), पृ. १२७– १४२ ।

पामीआले, खडक (२०७८), मातृभाषा के हो ?, *मगरात खबर अनलाइन पत्रिका* (फाल्गुण ९, २०७८ मा प्रकाशित)

बन्धु, चूडामणि (२०७३), *भाषाविज्ञान* (न. सं.), साझा प्रकाशन ।

यादव, योगेन्द्र (२०७४), नेपालमा बोलिने भाषा : सङ्कट र सम्भावना, भित्र हेमाङ्गराज अधिकारी, बद्रीविशाल भट्टराई र रामराज लोहनी (सम्पा.), *साठी वर्षका भाषिक चर्चा*, नेपाल प्रज्ञा प्रतिष्ठान ।

यादव,योगेन्द्र (२०७७), मैथिली भाषाको रूपरेखा, भित्र योगेन्द्रप्रसाद यादव र कर्णाखर खतिवडा (सम्पा.), *मातृभाषाको रूपरेखाभाग १*, नेपाल प्रज्ञा प्रतिष्ठान।

योञ्जन–तामाङ, अमृत (सन् २००६), *नेपालका भाषाहरूको पहिचान,वर्तमान स्थिति र भाषाविकास योजना*, आदिवासी भाषाविज्ञान समाज।

राई, इन्दिरा (२०७३), किरात राई भाभषाहरूको सङ्क्षिप्त परिचय, *संज्ञान* (वर्ष १,अङ्क १) पृ. १४९– १५८।

भाषा आयोगको वार्षिक प्रतिवेदन छैटौँ, भाषा आयोग।